मिति : २०८२/१०/१८

प.सं. २०८२/८३ च.नं.एच-१३२०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ

श्री नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाण्डौ

**विषय: २६औं वार्षिक साधारण सभाको माईन्यूट पेश गरिएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८२/०९/१९ गतेमा होटल भिष्वा, बीरगञ्जमा आयोजना भएको यस कम्पनीको २६औं वार्षिक साधारण सभा (आ.व.२०८१/८२) को माइन्यूट यसै पत्रसाथ संलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

(विनोद कुमार भुजेल)
कम्पनी सचिव

संलग्न:
साधारण सभाको माईन्यूट ।

## नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
## २६औं वार्षिक साधारण सभाको
## निर्णय (माईन्युट) विवरण

१) नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०८२/०८/२६ गते बसेको संचालक समितिको ४०५औं बैठकको निर्णयानुसार २६औं वार्षिक साधारण सभा अध्यक्ष श्री गोविन्द लाल संघईज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा सुसम्पन्न भयो ।

२) **सभा भएको मिति, स्थान र समय :-**

मिति : २०८२ साल पौष १९ गते शनिबार (तदनुसार ३ जनवरी २०२६)
स्थान : होटल भिष्वा, बीरगञ्ज, पर्सा ।
समय : बिहान ९.०० बजे प्रारम्भ भई ११.४५ बजे सम्पन्न ।

३) **सभाको सूचना :-**

यस कम्पनीको २६औं वार्षिक साधारण सभा सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२) र कम्पनी नियमावलीको नियम ९ अनुसार मिति २०८२ मंसीर २७ गतेको नागरिक राष्ट्रिय दैनिक र मिति २०८२ पौष ११ गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने मिति, स्थान, समय, शेयर दाखिल खारेज र छलफलको विषयसूची सम्वन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

४) छलफलका विषयसूचीहरु :-

क) सामान्य प्रस्ताव

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व.२०८१/८२ को वार्षिक कार्य प्रगति प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री पि.एल. श्रेष्ठ एण्ड कम्पनी पूनः नियुक्तिका लागि योग्य हुनु हुन्छ) ।

४) आ.व. २०८१/८२ को लागि संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको १६.०५ प्रतिशत (नगद लाभांश तथा बोनस शेयरको कर सहित) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५) संस्थापक शेयरधनीहरु (समूह क) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना संचालकज्यूहरुको निर्वाचन गर्ने ।



किनकि जीवन अमूल्य छ...
Kamaladi, G.P.O. Box No. 11030, Kathmandu, Nepal | Tel: 01-4169082 | Fax: 01-4169079 | www.nepallife.com.np | info@nepallife.com.np

ख) विशेष प्रस्ताव

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम विद्यमान चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर जारि पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरुप बृद्धि गर्ने । बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।

२) संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उद्देश्य लगायत अन्य आवश्यक समयानुकूल संशोधन गर्ने ।

३) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्नु परेमा सोको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

ग) अध्यक्षज्यूको अनुमतिले अन्य कुनै प्रस्तावहरु ।

५) उपस्थिति

क) संचालकहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री गोविन्द लाल संघई | अध्यक्ष |
| २. श्री कमलेश कुमार अग्रवाल | सञ्चालक |
| ३. श्री बिमल प्रसाद ढकाल | सञ्चालक |
| ४. श्री कृष्णराज लामिछाने | सञ्चालक |
| ५. श्रीमती शर्मिला श्रेष्ठ महर्जन | सञ्चालक |

ख) पदाधिकारीहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री प्रवीण रमण पराजुली | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री अमित कुमार कयाल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री उमापती पोखरेल | नायब महाप्रबन्धक |
| ४. श्री ओमप्रकाश पुडासैनी | बरिष्ठ सहायक महाप्रबन्धक |
| ५. श्री प्रेम प्रसाद रेग्मी | सहायक महाप्रबन्धक |
| ६. श्री विनोदकुमार भुजेल | कम्पनी सचिव |
| ७. श्री विनय भण्डारी | लेखा तथा वित्त विभाग प्रमुख |
| ८. श्री रसिक खड्का | सामान्य सेवा विभाग प्रमुख |

प्रधान कार्यालय



किनकि जीवन अमूल्य छ...

Kamaladi, G.P.O. Box No. 11030, Kathmandu, Nepal | Tel: 01-4169082 | Fax: 01-4169079 | www.nepallife.com.np | info@nepallife.com.np

९. श्री अमित कुमार झा — ब्राण्डिङ्ग एण्ड कम्युनिकेशन इकाई प्रमुख

१०. श्री दशरथ झा — प्रादेशिक कार्यालय प्रमुख, मधेश प्रदेश

## ६) शेयरधनीहरुको उपस्थिति

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १,८३,०६९ | २६२ | १४४ | ४०६ | - |
| शेयर संख्या | ९,०२,८७,६३२.०९ | ७६,२२४ | ४,९०,७१,०१९ | ४,९१,४७,२४३ | ५४.४३ |

## ७) गणपुरक संख्या एवं वैधानिकता

सभाको प्रारम्भमा उद्घोषकको रुपमा कम्पनी सचिव विनोद कुमार भुजेलले २६औं वार्षिक साधारण सभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो ।

## ८) सभाको अध्यक्षता र सभा संचालन

निर्धारित विषयसूचिमा छलफल गर्ने क्रममा कम्पनी सचिवले अध्यक्षज्यू एवं संचालकज्यूहरुलाई आसन ग्रहण गर्न आग्रह गर्नुभयो । कम्पनीको उक्त वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१४(ग) बमोजिम सञ्चालक श्री गोविन्द लाल संघईज्यूले गर्नुभयो । प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को अधिनमा रही सभाध्यक्ष श्री गोविन्द लाल संघईज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको विधिवत् प्रारम्भ गर्नुभयो । उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाध्यक्षज्यूबाट सभाको कार्यक्रम अघि बढाउनु भयो ।

## ९) २६औं वार्षिक प्रतिवेदनहरुको प्रस्तुती

सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभाध्यक्ष श्री गोविन्द लाल संघईज्यूले आ.व. २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब किताब तथा नगद प्रवाह विवरणहरु साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## १०) छलफलका लागि आह्वान :-

अध्यक्षज्यूद्वारा वार्षिक प्रतिवेदन र वासलातको प्रस्तुतिपछि सो सम्बन्धमा आ-आफ्नो प्रश्न, जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गरिदिन कम्पनी सचिवद्वारा शेयरधनी महानुभावहरुलाई आह्वान गरियो । यसै क्रममा देहायका शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनुभयो ।

प्रधान कार्यालय

क) श्री रामचन्द्र बन्जाडे
ख) श्री तेजमणी तिमिल्सिना
ग) श्री गणेश अधिकारी
घ) श्री शत्रुघन श्रेष्ठ
ङ) श्री ओम बहादुर के.सी.
च) श्री नरेश प्रसाद पटेल
छ) श्री नारायण दाहाल

११) <u>प्रस्तुत गरिएका जिज्ञासा एवं सुझावहरु</u> :

क) **<u>श्री रामचन्द्र बन्जाडे</u>**ज्यूले आ.व. २०८१/८२ मा कम्पनीले सर्वाधिक बजार हिस्सा लिई देशको अग्रणी जीवन बीमा कम्पनी बन्न सकेकोमा कम्पनीलाई धन्यवाद दिनु हुँदै कम्पनीको प्रगतिमा योगदान गर्ने अध्यक्ष, संचालकहरु र प्रमुख कार्यकारी अधिकृतहरुप्रति कृतज्ञता ज्ञापन गर्नु भयो। उहाँले शेयरधनीहरुलाई २१.०५% लाभांश प्रदान गर्न लागेकोमा कम्पनीलाई धन्यवाद दिदैं आगामी वर्ष बोनस शेयर र नगद लाभांश प्रदान गर्दा दुबैको अनुपात करिब बराबर गर्न सुझाव प्रदान गनु भयो । अन्त्यमा, कम्पनीलाई सर्वाधिक विश्वासिलो एवं अग्रणी बनाउन संचालक समिति, व्यवस्थापन र अभिकर्ता मिलेर काम गर्नु पर्ने धारणाका साथ कम्पनीको उत्तरोतर प्रगतिको कामना गर्नु भयो।

ख) **<u>श्री तेजमणी तिमिल्सिनाज्यूले</u>** कम्पनीको २६औं वार्षिक साधारण सभामा आइपुग्दा देशको सबैभन्दा ठूलो कम्पनीको रुपमा रहन पाएकोमा गर्वको अनुभूति भैरहेको बताउनु भयो । कम्पनीको वार्षिक प्रतिवेदनमा उल्लेखित सुचकांकहरु राम्रो रहेको देख्न पाएकोमा खुसी व्यक्त गर्दै कुशल कार्य सम्पादनका लागि संचालक समिति, प्रमुख कार्यकारी अधिकृत लगायत व्यवस्थापन समूहलाई धन्यवाद दिनु भयो । कम्पनीको व्यापार, सम्पत्ति, जीवन बीमा कोष, चुक्ता पूँजी आदिका आधारमा अधिकृत पूँजीलाई पनि बढाउन सकेको भए राम्रो हुने सुझाव व्यक्त गर्नु भयो। वार्षिक प्रतिवेदन समेटिएको पुस्तकमा उत्कृष्ट अभिकर्ताहरुको फोटोहरु पनि राख्न सके अभिकर्ताहरुलाई थप खुसी तथा हौसला प्राप्त हुने जानकारी गराउनु भयो। अन्त्यमा, कम्पनीको वेभसाइटमा शाखा तथा उपशाखा प्रमुखहरुको मोबाइल नम्बरहरु अद्यावधिक गर्न व्यवस्थापनलाई आग्रह गर्दै भविष्यमा कम्पनीको अझ धेरै प्रगतिको कामना गर्नु भयो।

ग) **<u>श्री गणेश अधिकारीज्यूले</u>** वार्षिक प्रतिवेदन राम्रो छापिएकोमा कम्पनीलाई धन्यवाद दिदैं अभिकर्ता सम्मानका तस्वीरहरु केही बढी संख्यामा आगामी वर्षको प्रतिवेदनमा राखी दिन सुझाव दिनु भयो । उहाँले बीमितहरुको लागि राम्रो बोनसदर र कर्मी मौरी रुपी अभिकर्ताहरुको लागि राम्रो प्रोत्साहन योजनाहरु ल्याउन सक्दा कम्पनीको व्यापार वृद्धिमा सहयोगी हुने सुझाव प्रस्तुत गर्नुभयो।

प्रधान कार्यालय

उहाँले कम्पनीले अभिकर्ता तथा कर्मचारीहरुको प्रशिक्षणमा लगानी बढाउन अनुरोध गर्दै कम्पनीले बीमितको बोनसदर न्यूनतम रु. ६५ बनाउन सके व्यापार वृद्धिमा सकारात्मक प्रभाव पर्न सक्ने धारणा सुझावका रुपमा प्रस्तुत गर्नु भयो । कम्पनीले आफ्नो रजत वर्ष मनाउदा बीमितहरुलाई पनि खुशी हुने गरी कार्यक्रम तय गर्न व्यवस्थापनलाई अनुरोध गर्नु भयो । अन्त्यमा, श्री अधिकारीले कम्पनीको बृहत्तर हितका लागि संचालकज्यूहरुले ठुलो भावना राखी कार्य गरिदिन अनुरोध गर्दै भविष्यमा कम्पनीको उत्तरोतर प्रगतिको कामना गर्नु भयो ।

घ) **श्री शत्रुघन श्रेष्ठज्यूले** कम्पनी ऐनले तोकेको म्यादभित्र साधारण सभा सम्पन्न गर्न सकेकोमा संचालक समिति र व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नु भयो । कम्पनीले बीमाशुल्क संकलन, जीवन बीमा कोष, दाबी भुक्तानी, लगानी आदि सुचकहरुमा असाध्यै राम्रो गरेको वताउदै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेका कामहरुको प्रशंसा गर्नु भयो । उहाँले कम्पनीको वार्षिक साधारण सभा काठमाण्डौमा गर्न आग्रह गर्दै अभिकर्ताहरुलाई राम्रो प्रोत्साहन गर्न सके व्यापार बृद्धिमा सकारात्मक सहयोग पुग्ने सुझाव प्रस्तुत गर्नुभयो । अन्त्यमा, कम्पनीको खर्चलाई नियन्त्रण गरी मुनाफा वृद्धिमा ध्यान दिन र भविष्यमा कम्पनीको उत्तरोत्तर प्रगति होस् भन्ने कामना गर्नु भयो ।

ङ) **श्री ओम बहादुर के.सी.ज्यूले** कम्पनीले शेयरधनीहरुलाई २१.०५% लाभांश दिएकोमा धन्यवाद दिदैं कम्पनीले अधिकृत पूँजी बढाउन किन प्रस्ताव नगरिएको भनी जिज्ञासा राख्नु भयो । उहाँले शेयरधनीहरुले राम्रो लाभांश पाइरहँदा बीमितहरुको बोनसदर पनि राम्रो बनाउदै जानु पर्ने धारणा व्यक्त गर्नु भयो । कम्पनीले नयाँ बीमालेखहरु यथासक्य छिटो बजारमा ल्याउन सुझाव राख्दै कम्पनीको लागोमा पुरा नाम किन हटाइएको हो भनी जिज्ञासा राख्नु भयो । उहाँले अभिकर्ताहरुको वृद्धि, उनीहरुलाई विशेष प्रशिक्षण र राम्रो प्रोत्साहन योजनाहरु प्रदान गर्न सक्दा कम्पनीको व्यापार वृद्धिमा सहयोगी हुने सुझाव दिनु भयो । श्री के.सी. ले शेयरधनी र अभिकर्ताहरुबाट आएका सुझावहरुलाई ग्रहण गर्न र आफुले गरेका प्रतिवद्धताहरु पुरा गर्न कम्पनीलाई आग्रह गर्नु भयो । अन्त्यमा, कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

च) **श्री नरेश प्रसाद पटेलज्यूले** आफु बीरगंजको स्थानीय बासिन्दा रहेको वताउदैं साधारण सभामा उपस्थित संचालक समिति, व्यवस्थापन र अन्य शेयरधनीहरुलाई बीरगंजमा हार्दिक स्वागत गर्नु भयो । उहाँले बीरगंजमा संस्थागत सामाजिक उत्तरदायित्व र ब्राण्डिङ्गका कामहरु गर्न व्यवस्थापलाई अनुरोध गर्नु भयो । कम्पनीले आ.व. २०८१/८२ को मुनाफाबाट १६.०५ प्रतिशत नगद लाभांश र ५ प्रतिशत बोनस शेयर गरी जम्मा २१.०५ प्रतिशत लाभांश दिन सफल भएकोमा खुसी व्यक्त गर्दै भविष्यमा अझ प्रगति गर्दै जाओस् भन्ने कामना गर्नुभयो ।

छ) **श्री नारायण दाहालज्यूले** कम्पनीको वार्षिक प्रतिवेदन समग्रमा राम्रो रहेको वताउदै शेयरधनीलाई प्रस्ताव गरिएको २१.०५ प्रतिशत लाभांशका लागि हार्दिक धन्यवाद दिनु भयो । शेयरधनी, कर्मचारी र

प्रधान कार्यालय

अन्य स्टेकहोल्डरले राम्रो लाभ लिई रहेको अवस्थामा बीमितहरुको लागि पनि बोनसदर बढाउनु पर्ने धारणा सुझावका रुपमा राख्नु भयो । साधारण सभामा शेयरधनीहरुले राखेका सुझावहरुलाई कार्यान्वयन गर्न कम्पनीलाई आग्रह गर्दै कर्मी मौरी रुपी अभिकर्ताहरुको लागि राम्रो प्रोत्साहन योजनाहरु ल्याउन सक्दा कम्पनीको व्यापार वृद्धिमा सहयोगी हुने सुझाव प्रस्तुत गर्नु भयो ।

१२) शेयरधनीहरुको जिज्ञासाको जवाफ:

अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सभामा आफनो अमुल्य सुझाव तथा जिज्ञासा राख्नुभएका शेयरधनीलाई हार्दिक धन्यवाद व्यक्त गर्नुहुदै शेयरधनीहरुको प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिनका लागि प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुलीज्यूलाई निर्देशन दिनु भयो ।

प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुली

शेयरधनीहरुज्यूको प्रश्न र जिज्ञासाहरुप्रति प्रतिउत्तर दिने क्रममा प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुलीज्यूले शेयरधनीहरुले व्यक्त गर्नुभएका बहुमूल्य सुझाव, सकारात्मक प्रतिक्रिया र कम्पनीले प्रगतिका लागि अवलम्बन गर्नुपर्ने उपायहरुका लागि हार्दिक धन्यवाद दिनुभयो । सबै सरोकारवालाहरुको समान प्रयास र सहभागिताबाट कम्पनीले उल्लेख्य प्रगति गरेको सभामा जानकारी गराउनुभयो । उहाँले शेयरधनीहरुका लागि राम्रो प्रतिफल दिन Risk Based Capital को आधारमा Dividend Policy अवलम्बन भैरहेको जानकारी गराउनु भयो । कम्पनीले सही तरिकाले सही समयमा कम्पनीको अधिकृत पूँजी समेत बृद्धि गरिने जनाउदै सबै सरोकारवालाहरुको आकांक्षा पुरा हुने गरी सुदृढ रुपले कामहरु गरिरहेको जानकारी गराउनु भयो । प्रमुख कार्यकारी अधिकृतज्यूले कम्पनीले उच्च प्रतिफलको लागि लगानी विविधिकरण गरिरहेको र लगानी गर्दा सतर्कतापूर्वक उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्ने नीति लिइएको बताउनु भयो । कम्पनीले ग्राहकहरुको चाहना अनुरुपका बीमा योजनाहरु ल्याइ रहेको र हाल केही राम्रा बीमा योजनाहरु नेपाल बीमा प्राधिकरणबाट स्वीकृत हुने अन्तिम चरणमा रहेको जानकारी गराउनु भयो । शेयरधनीहरुले संस्थागत सामाजिक उत्तरदायित्व, वेभसाइटमा शाखा प्रबन्धकहरुको मोबाइल अद्यावधिक, बीमा पुनर्जागरण योजना, कम्पनी लोगो परिवर्तन आदि विषयहरुमा राख्नु भएको जिज्ञासाहरुको सम्बन्धमा जवाफ प्रस्तुत गर्दै उहाँले आवश्यक विषयहरुमा सुधार गरिने प्रतिबद्धता व्यक्त गर्नु भयो । प्रमुख कार्यकारी अधिकृतज्यूले अभिकर्ताहरु नै व्यापार वृद्धिका मूख्य संवाहक भएको हुँदा उहाँहरुसँग हातेमालो गर्दै कम्पनी अगाडि बढ्ने बताउनु भयो । अन्त्यमा, कम्पनीको प्रगतिमा सधैं सकारात्मक सहयोग गर्ने शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

१३) कम्पनी सचिवज्यूले संचालक समितिको तर्फबाट मन्तव्य राखी दिन संचालक श्री कमलेश कुमार अग्रवाललाई अनुरोध गर्नुभयो ।

संचालक श्री कमलेश कुमार अग्रवाल

संचालक श्री कमलेश कुमार अग्रवालज्यूले शेयरधनीज्यूहरुले प्रस्तुत गर्नु भएको बहुमूल्य सुझावहरुको

लागि आभार व्यक्त गर्दै कम्पनीलाई सफलताको उचाईंमा पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने संचालक समिति अध्यक्ष श्री गोविन्द लाल संघईज्यूलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

हालको विषम आर्थिक परिस्थितिमा पनि कम्पनीले शेयरधनीहरुलाई २१.०५ प्रतिशत लाभांश र बीमितहरुको लागि उच्च बोनसदरलाई निरन्तरता दिएकोमा शेयरधनीहरुबाट विशेष धन्यवाद नआएकोमा अचम्मित भएको वताउनु भयो। देशको समग्र अर्थतन्त्र Macro Economy र देश भित्रका विविध विषयगत अर्थतन्त्र Micro Economy अन्तर्गत पर्ने हुँदा जबसम्म Macro Economy माथि जाँदैन तबसम्म Micro Economy समेत पुरा हुन गारो हुने जानकारी गराउनु भयो । केही समय अघि नेपालमा भएको जेन्जी आन्दोलन पश्चात् नेपालको सामाजिक, आर्थिक र राजनीतिक अवस्था गम्भिर मोडमा रहेको र लगानी मैत्री वातावरण नरहेको जनाउदै आउँदो प्रतिनीधि सभाको चुनावलाई सफल पारी देशलाई पून: सही मार्गमा ल्याउन सवैले लाग्नु पर्ने विचार व्यक्त गर्नु भयो । उहाँले कम्पनीको प्रतिफल नघटोस् भन्ने अभिप्रायले लगानी विविधिकरणलाई अगाडि बढाएको जानकारी गराउनु भयो । कम्पनीमा हाल दक्ष र अनुभवी प्रमुख कार्यकारी अधिकृत रहेको र अभिकर्ताहरुले उहाँसँग छलफल गरी आफ्ना समस्याहरु समाधान गर्न सुझाव दिनुभयो । अन्त्यमा, कम्पनीको २६औं वार्षिक साधारण सभा सम्पन्न गर्न उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

## १४) साधारण सभाको छलफल तथा निर्णयहरु

### क) सामान्य प्रस्ताव

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आ. व. २०८१/८२ को नेपाली र अंग्रेजी दुबै भाषाहरुमा रहेको वार्षिक कार्य प्रगति प्रतिवेदन छलफल पश्चात् निर्णयार्थ पेश हुँदा सर्वसम्मतिबाट स्वीकृत गरियो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ. व. २०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल पश्चात् निर्णयार्थ पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो ।

३) सभामा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिसमा संचालक समितिले कूल वार्षिक लेखापरीक्षण सेवाशुल्क (For Statutory Audit, Tax Audit, Certification as per Act, LFAR and Corporate Governance Certification) भ्याट सहित रु. १४,९१,६००/- (अक्षेरुपी रु. चौध लाख एकानब्बे हजार छ सय मात्र) दिने शर्तमा आ.व. २०८२/८३ का लागि चार्टड एकाउन्टेन्ट संस्था पि.एल. श्रेष्ठ एण्ड कम्पनीलाई लेखापरीक्षकको रुपमा पुनर्नियुक्ति गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सर्वसम्मतिबाट स्वीकृत गरियो ।

४) आ.व. २०८१/८२ को लागि संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको १६.०५ प्रतिशत (नगद लाभांश तथा बोनस शेयरको कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिबाट स्वीकृत गरियो ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

५) संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने 'क' समुहका ३ (तीन) जना सञ्चालक पदको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री हरिश्चन्द्र सुबेदीज्यूलाई निर्वाचन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुरोध गरिए पश्चात् निर्वाचन अधिकृतज्यूले कम्पनीको सञ्चालक निर्वाचन निर्देशिका, २०८२ बमोजिम निर्वाचन कार्यक्रम प्रकाशित गरेको र तोकिएको समयसीमा भित्र संस्थापक सञ्चालक पद ३ (तीन) का लागि उम्मेदवारी दिनेमा श्री गोविन्द लाल संघई, ग्लोबल ट्रेडिङ्ग कन्सर्न प्रा.लि. का प्रतिनिधि श्री कमलेश कुमार अग्रवाल र श्री विवेक अग्रवाल गरी ३ (तीन) जनाको मात्र मनोनयन पत्र दर्ता हुन आएको जानकारी सभालाई गराउँदै उहाँहरु तीनै जना कम्पनीको सञ्चालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो । नव निर्वाचित सञ्चालकहरुलाई निर्वाचन अधिकृतज्यूले प्रमाणपत्र प्रदान गर्दै निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य समाप्त भएको घोषणा गर्नुभयो । त्यस पश्चात्, संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने समुह 'क' का ३ (तीन) जना निर्वाचित सञ्चालकज्यूहरुलाई सभाले सर्वसम्मतिबाट अनुमोदन गऱ्यो ।

नव निर्वाचित ३ सञ्चालकज्यूहरुलाई सञ्चालकहरु श्री बिमल प्रसाद ढकालज्यू, श्री कृष्णराज लामिछानेज्यू र श्रीमति शर्मिला श्रेष्ठ महर्जनज्यूले सञ्चालक समितिको तर्फबाट पुष्पगुच्छा प्रदान गर्नुभई हार्दिक स्वागत एवं बधाई ज्ञापन गर्नुभयो ।

ख) <u>विशेष प्रस्ताव</u>

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम विद्यमान चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिबाट स्वीकृत गरियो । बोनस शेयर जारी पश्चात् हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरुप वृद्धि गर्ने र बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिबाट स्वीकृत गरियो ।

२) संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा उद्देश्य लगायत अन्य आवश्यक समयानुकुल संशोधन गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिबाट स्वीकृत गरियो (अनुसूचीमा प्रबन्धपत्र र नियमावलीमा हुने संशोधन प्रस्तावहरुको ३ महले विवरण संलग्न) ।

३) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्नु परेमा सोको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु ।

अध्यक्षज्यूको अनुमतिले छलफलका लागि अन्य कुनै विषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको जानकारी सभामा गराईयो ।

## १५. धन्यवाद तथा सभा विसर्जन

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको २६औं वार्षिक साधारणसभालाई आफ्नो अमुल्य समय प्रदान गरी सभा सम्पन्न गर्नमा सहयोग गरिदिएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै दिउँसो ११.४५ बजे सभाका अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(विनोद कुमार भुजेल)
कम्पनी सचिव

(गोविन्द लाल संघई)
अध्यक्ष

# नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. को
## २६औं वार्षिक साधारण सभाबाट पारित
## प्रबन्धपत्रको तीन महले विवरण

प्रबन्धपत्र

| क.स. | दफा | साविकको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | २ | क) कम्पनीको रजिष्टर्ड कार्यालय:<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय पर्सा जिल्ला, बिरगञ्ज नगरपालिका, बिरगञ्ज रहनेछ र कारोवार गर्ने स्थान अन्यत्र पनि हुने गरी शाखा कार्यालय अधिराज्यका बिभिन्न ठाउँमा हुनेछन् । कम्पनीको आवश्कता बमोजिम सम्बन्धित निकायको स्वीकृतीमा रजिष्टर्ड कार्यालयको स्थानान्तरण गर्न र शाखा कार्यालयको बिस्तार गर्न सकिनेछ ।<br><br>ख) कम्पनीको कारोबार गर्ने स्थान<br>यस कम्पनीको कारोबार गर्ने स्थान काठमाण्डौ जिल्ला,काठमाण्डौ महानगरपालिका वडा नं. २८, कमलादीमा हुनेछ । आवश्यकता अनुसार सम्बन्धीत निकायको स्वीकृति लिई स्वदेश भित्र शाखा तथा उपशाखा कार्यालय स्थापना गरि कारोबार गर्न सकिने छ । | क) कम्पनीको रजिष्टर्ड कार्यालय:<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय पर्सा जिल्ला, बिरगञ्ज महानगरपालिका वडा नं. ६ मा रहनेछ र कारोवार गर्ने स्थान अन्यत्र पनि हुने गरी प्रदेश/शाखा/उपशाखा कार्यालय नेपालका बिभिन्न ठाउँमा हुनेछन् । कम्पनीको आवश्यकता बमोजिम सम्बन्धित निकायको स्वीकृतिमा रजिष्टर्ड कार्यालयको स्थानान्तरण गर्न र देश भित्र/बाहिर कार्यालयको विस्तार गर्न सकिनेछ ।<br><br>ख) कम्पनीको कारोबार गर्ने स्थान<br>यस कम्पनीको कारोबार गर्ने प्रधान कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८, कमलादीमा हुनेछ । आवश्यकता अनुसार सम्बन्धित निकायको स्वीकृति लिई स्वदेश भित्र शाखा/उपशाखा र प्रदेश कार्यालयहरू स्थापना गरी कारोबार गर्न सकिने छ । प्रचलित कानूनले तोकिए बमोजिम सम्बन्धित निकायको पूर्वस्वीकृती लिई कम्पनीले विदेशमा समेत शाखा, उपशाखा कार्यालय वा एक्सटेन्सन काउन्टर (Extension Counter) खोल्न सक्नेछ । | अधिराज्यको सट्टा नेपाल राखिएको । प्रदेश कार्यालय थप गरिएको । बीमा ऐनको दफा ३२ अनुसार थप गरिएको । |
| २ | ३ | कम्पनीको उद्देश्य:<br>क) बीमा ऐन २०४९ र बीमा नियमावलीको २०४९ को अधिनमा रही जीवन बीमा व्यवसाय संचालन गरी हरेक किसिमको जीवन बीमा सम्बन्धी सेवा उपलब्ध गराई देशको आर्थिक विकासमा सहयोग पुऱ्याउने कम्पनीको मुख्य उद्देश्य रहेको छ।<br>ख) आजीवन जीवन बीमा, सावधिक जीवन बीमा र म्यादी जीवन बीमा सम्बन्धी कार्यहरु गर्ने गराउने।<br>ग) प्रत्येक किसिमको जीवन तथा दुर्घटना सम्वन्धमा व्यक्ति विशेषमा ज्यानमा खतरा वा शरीरको कुनै विशेष भागमा भएको वा हुने हानि नोक्सानी शारिरिक वा मानसिक आघातका सम्बन्धमा बीमा गर्ने गराउने।<br>घ) कुनै कम्पनी वा कम्पनीको कामदारको संवन्धमा कुनै कारवाहीमा हानि नोक्सानी, कामदारलाई हुने दुर्घटना, कुनै कानून् अन्तरगत गर्नु पर्ने क्षतिपूर्ति, शारिरिक वा जीवनकै क्षति, हुलदंगाबाट हुने खतरा समेतको लागि बीमा गर्ने, गराउने । | कम्पनीको उद्देश्य:<br>क) प्रचलित बीमा ऐन, नियमावली तथा नेपाल बीमा प्राधिकरणबाट समय-समयमा जारी हुने निर्देशिकाको अधिनमा रही बीमा ऐनले खुला गरेका व्यवसाय तथा जीवन बीमा व्यवसाय संचालन गरी हरेक किसिमको जीवन बीमा सम्बन्धी सेवा उपलब्ध गराई देशको आर्थिक विकासमा सहयोग पुऱ्याउने कम्पनीको मुख्य उद्देश्य रहेको छ ।<br>ख) आजीवन जीवन बीमा, सावधिक जीवन बीमा र म्यादी जीवन बीमा सम्बन्धी कार्यहरु गर्ने गराउने । साथै जीवन बीमाको क्षेत्रमा विकास भएका नवीनतम बीमा योजनाहरु लागू गर्ने ।<br>ग) प्रत्येक किसिमको जीवन तथा दुर्घटना सम्बन्धमा व्यक्ति विशेषमा ज्यानमा खतरा | ऐन तथा नियमहरु परिवर्तन भइ राख्ने भएकोले प्रचलित राख्न उपयुक्त देखिएकोले ।<br><br>भविष्यमा हुन सक्ने जीवन बीमाका |

प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | ङ) बीमा सम्झौता गरे वापत प्राप्त भएको रकम विभिन्न क्षेत्रमा लगानी गर्ने, असुली गर्ने ।<br>च) विभिन्न कम्पनीहरुको सस्थापक भई वा नभई शेयरमा लगानी गर्ने गराउने ।<br>छ) सम्पत्तीको संरक्षणको लागि तथा बीमित व्याक्तिहरुको हित र सुविधाको लागि विभिन्न बीमा कम्पनीहरुको पुनर्बीमा स्विकार गर्ने तथा पुनर्बीमा गराउने ।<br>ज) स्विकृति लिनु पर्नेमा स्विकृति लिई स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुसँग मिली वा छुट्टाछुट्टै किसिमको बीमा व्यवसाय गर्ने गराउने ।<br>झ) स्वदेश तथा विदेशमा बीमा, पुनर्बिमा, (ब्रोकर) दाबी निर्धारण कर्ता, फर्छ्यौट कर्ता नियुक्त गर्ने गराउने ।<br>ञ) बीमा, पुनर्बीमा व्यवसायको लागि स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुको प्रतिनिधी (अभिकर्ता) ब्रोकर (दलाल) भई काम गर्ने, गराउने । | वा शरीरको कुनै विशेष भागमा भएको वा हुने हानि नोक्सानी शारीरिक वा मानसिक आघातका सम्बन्धमा बीमा गर्ने गराउने ।<br>घ) कुनै कम्पनी वा कम्पनीको कामदारको सम्बन्धमा कुनै कारबाहीमा हानि नोक्सानी, कामदारलाई हुने दुर्घटना, कुनै कानून अन्तर्गत गर्नु पर्ने क्षतिपूर्ति, शारीरिक वा जीवनकै क्षति आदीबाट हुने खतरा समेतको लागि बीमा गर्ने, गराउने ।<br>ङ) बीमा गराए बापत प्राप्त हुने बीमा शुल्क रकम विभिन्न क्षेत्रमा लगानी गर्ने ।<br>च) विभिन्न कम्पनीहरुको संस्थापक भई वा नभई शेयरमा लगानी गर्ने गराउने ।<br>छ) सम्पत्तिको संरक्षणको लागि तथा बीमित व्यक्तिहरुको हित र सुविधाको लागि विभिन्न बीमा कम्पनीहरुको पुनर्बीमा स्विकार गर्ने तथा पुनर्बीमा गराउने ।<br>ज) स्वीकृति लिनु पर्नेमा स्वीकृति लिई स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुसँग मिली वा छुट्टाछुट्टै किसिमको बीमा व्यवसाय गर्ने गराउने ।<br>झ) स्वदेश तथा विदेशी पुनर्बीमक तथा पुनर्बीमा दलाल (ब्रोकर) नियुक्त गर्ने गराउने । | साधनहरुलाई समेट्ने उद्देश्यले । |
| ३ | ३ | कम्पनीको उद्देश्य:<br>नभएको | **कम्पनीको उद्देश्य:**<br>**थप गरिएका उद्देश्यहरु:**<br>ञ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकद्वारा जारी बचतपत्र वा ऋणपत्रमा लगानी गर्ने ।<br>ट) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गर्ने ।<br>ठ) नेपाल राष्ट्र बैंकद्वारा इजाजत प्राप्त क, ख, ग र घ वर्ग तथा पुर्वाधारविकास बैंक तथा वित्तीय संस्थाहरु तथा नेपाल सरकारद्वारा स्वीकृत विशिष्टिकृत लगानी कोषको मुद्दती निक्षेप, अग्राधिकार शेयर, बोन्ड, डिवेन्चर, ऋणपत्रमा लगानी गर्ने ।<br>ड) नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त धितोपत्र विनिमय बजारमा सुचिकृत पब्लिक लिमिटेड कम्पनीको बन्ड, डिवेन्चर, ऋणपत्रमा लगानी गर्ने ।<br>ढ) नेपाल धितोपत्र बोर्डबाट ईजाजतप्राप्त धितोपत्र विनिमय बजारमा सूचिकृत पब्लिक लिमिटेड कम्पनीको शेयरमा लगानी गर्ने ।<br>ण) नागरिक लगानी कोष, म्युचुअल फण्ड तथा प्राइभेट इक्वीटी भेन्चर क्यापिटलका योजनाहरुमा लगानी गर्ने ।<br>त) घरजग्गा व्यवसायमा लगानी तथा प्रवर्द्धन गर्ने ।<br>थ) उर्जामुलक क्षेत्रहरु (जलविद्युत परियोजना, विद्युत प्रसारण लाईन, सौर्य तथा | लगानी निर्देशिका अनुसार थप गरिएको |

प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | | नवीकरणीय उर्जा) मा लगानी तथा प्रवर्द्धन गर्ने ।<br>द) खानीजन्य क्षेत्र, स्वदेशमा क्लिङ्कर उत्पादन गरी सिमेन्ट उत्पादन गर्ने परियोजना तथा अन्य क्षेत्रहरुमा लगानी तथा प्रवर्द्धन गर्ने ।<br>ध) पर्यटन क्षेत्र, हवाई सेवा, होटेल, रिसोर्ट, केबुलकार, जलविहार लगायतका परियोजनाहरुमा लगानी तथा प्रवर्द्धन गर्ने ।<br>न) निर्माण क्षेत्र, टोल हाईवे, द्रुत मार्ग, सुरुङ मार्ग, विमानस्थल परियोजना, रेल मार्ग आदीमा लगानी तथा प्रवर्द्धन गर्ने ।<br>प) सूचना तथा प्रविधि क्षेत्र, आई टि पार्क र दुर संचार सम्बन्धी परियोजनामा लगानी तथा प्रवर्द्धन गर्ने ।<br>फ) सेवामूलक क्षेत्र, अस्पताल, नर्सिङ होम, शिक्षण संस्था, मेडिकल कलेज, शिक्षा र स्वास्थ्य क्षेत्र, फिनटेक (Fintech) कम्पनी, व्यापारिक भवन, आवासिय भवन, अपार्टमेन्ट निर्माण सम्बन्धी परियोजनामा लगानी तथा प्रवर्द्धन गर्ने ।<br>ब) कृषि क्षेत्र तथा कृषि क्षेत्रमा रहेको श्रोत साधनलाई प्रवर्द्धन गर्ने खालका व्यावसायिक कृषि फर्म, कृषि प्रशोधन उद्योग र कृषि सामग्री उत्पादन तथा वितरण, शीत भण्डार गृह लगायतका परियोजनामा लगानी तथा प्रवर्द्धन गर्ने ।<br>भ) इन्भेष्टमेन्ट कम्पनी तथा लगानी गर्न प्रतिबन्ध नभएको कम्पनीको शेयरमा लगानी गर्ने ।<br>म) कानून बमोजिम स्वीकृती प्राप्त गरी आफ्नो सहायक कम्पनी संस्थापना गर्ने तथा त्यसमा लगानी गर्ने ।<br>य) आवश्यकता अनुसार विदेशी लगानीकर्तासँग लगानी तथा रणनीतिक साझेदारी गर्ने । | |

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| ४ | ४ | **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:**<br>कम्पनीले उपरोक्त उद्देश्य प्राप्त गर्न देहायको कार्य गर्नेछ ।<br>क) कम्पनीले आफ्नो उदेश्य कार्यान्वयन गर्नु अगाडि प्रचलित कानून बमोजिम अनुमति वा इजाजत लिनु पर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्ने छ ।<br>ख) कम्पनीलाई आवश्यक पर्ने कार्यालय भवन, निर्माण गर्ने जग्गा खरिद गर्ने वा भवन भाडामा वा लिजमा लिन सक्नेछ ।<br>ग) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा सेवाका शर्तहरु निर्धारण गर्न सक्नेछ ।<br>घ) कम्पनीमा लगानी भएको शेयर रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरि बैंक खाता संचालन गर्ने ।<br>ङ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै बित्तिय संस्थाबाट धितो राखि वा नराखि कर्जा लिने।<br>च) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।<br>छ) कम्पनीलाई आवश्यक पर्ने कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता अफिसियल सामान खरिद गर्ने तथा भाडामा लिने ।<br>ज) कम्पनीलाई आवश्यक पर्ने सवारि साधन खरिद गर्ने तथा भाडामा लिई प्रयोग गर्ने ।<br>झ) कम्पनीको उदेश्य पुरा गर्न सहायक हुने अन्य कार्यहरु गर्ने ।<br>ञ) अन्य आवश्यक कुराहरु:<br>१) कम्पनी संचालनको लागि आवश्यक पर्ने भवन, कार्यशाला, शोरुम, अफिस घर, गोदाम, जमीन तथा अन्य चल अचल सम्पति आदी जायजेथा खरिद गर्ने, लिज वा भोग बन्धकीमा लिने वा अन्य तरिकाबाट प्राप्त गर्ने वा बनाउने, निर्माण गर्ने, स्थापना गर्ने, सुसज्जित गर्ने, बिस्तार गर्ने, आधुनिकीकरण गर्ने, मर्मत –संभार गर्ने, नियन्त्रण गर्ने, संचालन गर्ने तथा सोको व्यवस्था गर्न सक्नेछ ।<br>२) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेसिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको बीमा गराउने ।<br>३) प्रचलित कानूनको अधिनमा रहि कम्पनीलाई प्रत्यक्ष किसिमले लाभप्रद प्राविधिक ज्ञान तथा सिपहरु उपलब्ध गराउने, सोको लागि व्यक्ति वा कम्पनीसंग सम्झौता गर्ने, त्यसलाई आफ्नो शेयर बिक्री गर्ने वा त्यसको शेयर आफुले खरिद गर्ने, एकिकरण गर्ने वा एकिकृत हुने ।<br>४) भविष्यमा कम्पनी सक्षम भएमा कम्पनीको तर्फबाट अन्य कुनै व्यवसायहरु संचालन गर्ने, यसको सह उत्पादनको उपयोग समन्वयमा अनुसन्धान गर्ने, उपयोग गर्ने र सो गर्न इजाजत लिनु पर्ने भएमा सम्बन्धित विभागबाट छुट्टै इजाजत लिने ।<br>(क) कम्पनीले सम्बन्धीत नियमनकारी निकाय/अन्य निकायको स्वीकृति लिई सहायक कम्पनी स्थापना गरि | **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:**<br>कम्पनीले उपरोक्त उद्देश्य प्राप्त गर्न देहायको कार्य गर्नेछ ।<br>क) कम्पनीले आफ्नो उद्देश्य कार्यान्वयन गर्नु अगाडी प्रचलित कानून बमोजिम अनुमति वा इजाजत लिनु पर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्ने छ ।<br>ख) कम्पनीलाई आवश्यक पर्ने कार्यालय भवन, निर्माण गर्ने जग्गा खरिद गर्ने वा भवन भाडामा वा लिजमा लिन दिन सक्नेछ ।<br>ग) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी तथा कामदारहरु नियुक्त गर्ने तथा सेवाका शर्तहरू निर्धारण गर्न सक्नेछ ।<br>घ) कम्पनीमा लगानी भएको शेयर रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्ने ।<br>ङ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने ।<br>च) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।<br>छ) कम्पनीलाई आवश्यक पर्ने कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता अफिसियल सामान खरिद गर्ने तथा भाडामा लिने ।<br>ज) कम्पनीलाई आवश्यक पर्ने सवारी साधन खरिद गर्ने तथा भाडामा लिई प्रयोग गर्ने ।<br>झ) कम्पनीको उद्देश्य पुरा गर्न सहायक हुने अन्य कार्यहरु गर्ने ।<br>**ञ) अन्य आवश्यक कुराहरु:**<br>१) कम्पनी संचालनको लागि आवश्यक पर्ने भवन, कार्यशाला, शोरुम, अफिस घर, गोदाम, जमीन तथा अन्य चल अचल सम्पत्ति आदी जायजेथा खरिद गर्ने, लिज वा भोग बन्धकीमा लिने वा अन्य तरिकाबाट प्राप्त गर्ने वा बनाउने, निर्माण गर्ने, स्थापना गर्ने, सुसज्जित गर्ने, बिस्तार गर्ने, आधुनिकीकरण गर्ने, मर्मत संभार गर्ने, नियन्त्रण गर्ने, संचालन गर्ने तथा सोको व्यवस्था गर्न सक्नेछ ।<br>२) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेसिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको बीमा गराउने ।<br>३) प्रचलित कानूनको अधिनमा रही कम्पनीलाई प्रत्यक्ष किसिमले लाभप्रद प्राविधिक ज्ञान तथा सिपहरु उपलब्ध गराउने, सोको लागि व्यक्ति वा कम्पनीसंग सम्झौता गर्ने, त्यसलाई आफ्नो शेयर बिक्री गर्ने वा त्यसको शेयर आफुले खरिद गर्ने, एकिकरण गर्ने वा एकिकृत हुने । | कामदार भन्ने शब्द थप गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | संचालन गर्ने । म्यूचुअल फण्ड (:गतगबा ँगलम) सेवा उपलब्ध गराउने ।<br>५) कम्पनीको लागि आवश्यक पर्ने प्रशिक्षक, कर्मचारी, कानून व्यवसायी, सुपरीवेक्षक, इन्जिनियरहरु, कामदारहरुको नियुक्ती गर्ने, तिनीहरुको सेवा शर्त तथा तलब भत्ता, बढुवा, घटुवा, सुबिधा, दण्ड आदि तोक्ने, अनावश्यक भएजतिलाई सेवाबाट हटाउने वा तिनीहरुको प्रोत्साहनको लागि उचित व्यवस्था गर्ने ।<br>६) कम्पनीको नाममा नेपाल अधिराज्यको कुनै पनि बित्तिय संस्था तथा बैंकहरुमा कम्पनीको नाममा खाता खोलि रुपैया जम्मा गर्ने, झिक्ने, बिल अफ एक्सचेन्ज, हुण्डी, प्रोमीशरी नोट, चेक आदि जारी गर्ने, दरपिठ गर्ने, भुक्तानी लिने, दिने, मञ्जुर गर्ने ।<br>७) कम्पनीको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुबिधा, सहुलियत प्राप्त गर्न नेपाल सरकारको कार्यालयहरु संग अनुरोध गर्ने, कम्पनीको व्यापारिक हित संरक्षणको लागि डिजाइन र ट्रेडमार्क दर्ता गराउने, यसको हक र सुबिधा उपलब्ध गर्ने र उपयोग गर्ने ।<br>८) कम्पनीको तर्फबाट वा विरुद्ध परेका मुद्धा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकार र सहुलीयत सुबिधालाई सुरक्षित राख्ने ।<br>९) सार्वजनिक संस्था, धार्मिक तथा परोपकारी संस्थाहरुलाई आर्थिक अनुदान वा चन्दा दिने ।<br>१०) कम्पनीको कामदार कर्मचारी र तिनीहरुको आश्रितहरुको लागि प्रोभिडेन्ट फण्ड व्यवस्था गर्ने ।<br>११) कम्पनीको आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि सर्वसाधारणलाई बढि जानकारी गराउन बिभिन्न संचारका साधन तथा पत्र पत्रिकाबाट विज्ञापन सूचना आदि प्रसारण गर्ने ।<br>१२) कम्पनीको लागि आवश्यक पर्ने मेसिन औंजार, यसका पार्टस पुर्जाहरु, स्टोरका सामानहरु लगायत उद्देश्य परिपुर्ति गर्नको लागि आवश्यक पर्ने सामानहरु नेपाल सरकारबाट सहुलियत प्राप्त गरी बिदेशबाट आयात गर्ने, तथा स्थानीय बजारबाट खरिद गर्ने ।<br>१३) कम्पनीको उद्देश्य परिपुर्तिको लागि आवश्यक सम्झौताहरु गर्ने ।<br>१४) कम्पनीको हित हुने कुनै कुरालाई ध्यानमा राखी जगेडा कोष, डिप्रिसियसन कोष, इमर्जेन्सी कोष, कल्याणकारी कोष आदी खडा गर्ने ,<br>१५) कम्पनीको उद्देश्य पुरा गर्ने भैपरि आउने अन्य आवश्यक कार्यहरु गर्ने ।<br>१६) यस कम्पनीमा स्विकृति लिनु पर्नेमा सम्बन्धित निकायबाट स्विकृति लिई प्रविधि हस्तान्तरण, बिदेशी लगानी तथा संयुक्त लगानी समावेश गर्न सकिने छ।<br>१७) कम्पनीको मौज्दातमा रहेको कम्पनीलाई तुरुन्त आवश्यक नपर्ने कम्पनीको रकमहरु लगानी गर्ने, सापटी दिने वा बैंकमा जम्मा गर्ने सो असुल उपर गर्ने । | ४) भविष्यमा कम्पनी सक्षम भएमा कम्पनीको तर्फबाट अन्य कुनै व्यवसायहरु संचालन गर्ने, यसको सह-उत्पादनको उपयोग समन्वयमा अनुसन्धान गर्ने, उपयोग गर्ने र सो गर्न इजाजत लिनु पर्ने भएमा सम्बन्धित विभागबाट छुट्टै इजाजत लिने ।<br>(क) कम्पनीले सम्बन्धित नियमनकारी निकाय वा अन्य निकायको स्वीकृति लिई सहायक कम्पनी स्थापना गरि संचालन गर्ने ।<br>ख) म्यूचुअल फण्ड (Mutual Fund) सेवा उपलब्ध गराउने ।<br>५) कम्पनीको लागि आवश्यक पर्ने प्रशिक्षक, कानूनी सल्लाहकार, सुपरीवेक्षक, इन्जिनियर, परामर्शदाता, बीमांकीहरुको नियुक्ती गर्ने र सेवा शर्त आदी तोक्ने,<br>६) कम्पनीको नाममा नेपालको कुनै पनि वित्तीय संस्था तथा बैंकहरुमा खाता खोलि रुपैयाँ जम्मा गर्ने, झिक्ने, बिल अफ एक्सचेन्ज, प्रोमीशरी नोट, चेक आदि जारी गर्ने, दरपिठ गर्ने, भुक्तानी लिने, दिने, मञ्जुर गर्ने ।<br>७) कम्पनीको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलियत नेपाल सरकारको कार्यालयहरुबाट प्राप्त गर्ने ।<br>८) कम्पनीको व्यापारिक हित संरक्षणको लागि डिजाइन, ट्रेडमार्क, प्रतिलिपी अधिकार तथा अन्य बौद्धिक सम्पत्तिहरु दर्ता गराउने, यसको हक र सुविधा उपयोग गर्ने गराउने ।<br>९) कम्पनीको तर्फबाट तथा विरुद्धमा विभिन्न अड्डा-अदालत, प्राधिकरण, न्यायधिकरण, वा अन्य कुनै न्यायिक तथा अर्धन्यायिक प्रशासनिक अधिकारी वा कुनै पनि सक्षम निकाय तथा मध्यस्थ समक्ष परेका मुद्दा मामिला, विवाद आदीमा फिराद दायर गर्ने, दावी प्रस्तुत गर्ने, रीट तथा पुनरावेदन दायर गर्ने, निवेदन प्रस्तुत गर्ने, लिखित जवाफ पेश गर्ने, प्रतिवाद गर्ने र सो को पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लगायतका सम्पूर्ण कानूनी कार्य गर्ने । सो कार्य गर्न आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकार र सहुलियत सुविधालाई सुरक्षित राख्ने ।<br>१०) धार्मिक, परोपकारी, स्वास्थ्य, शिक्षा तथा विविध प्रकारका सामाजिक सेवाका क्षेत्रमा कार्यरत संस्थाहरुलाई आर्थिक अनुदान वा चन्दा दिने ।<br>११) कम्पनीको कर्मचारीहरुको सामाजिक सुरक्षा सम्बन्धी सुविधाको व्यवस्था गर्ने ।<br>१२) कम्पनीको आफ्नो लक्ष्य र उद्देश्य प्राप्तिको लागी संचारका विभिन्न | थप गर्न आवश्यक देखिएकोले ।<br><br>पुनर्लेखन गरिएको । |

प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | १८) कम्पनीको प्रवर्द्धन, गठन, दर्ता, तथा संस्थापनाको सिलसिलामा लागेको लागत, शुल्क तथा खर्चहरुको भुक्तानी दिने ।<br>१९) कम्पनी ऐनको अधिनमा रही आवश्यकता अनुसार अधिराज्यका विभिन्न स्थानहरुमा कम्पनीको शाखा,उपशाखा खोल्ने, एजेन्सी नियुक्त गर्न सक्नेछ । कम्पनीको हित हुने देखिएमा पूर्व स्वीकृती लिई स्वदेशी तथा विदेशी कम्पनी वा व्यक्तिहरु सित मिली वा कोल्याबोरेसन गरी आफ्नो कारोवार संचालन गर्न सक्नेछ ।<br>२०) कम्पनीले उपयुक्त ठानेमा अन्य कम्पनीहरुको काम, कारोबार, व्यवसाय, तथा सम्पत्तिको सबै वा केहि भाग खरिद गर्ने, लिज, भोग बन्धक वा अन्य तरिकाले प्राप्त गर्न सक्नेछ ।<br>२१) कम्पनीले आफ्नो नाउँमा अरु कम्पनीको शेयर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्न सक्नेछ ।<br>२२) कम्पनीको संस्थापन रजिष्ट्रेशन तथा सो सम्बन्धि काममा भैंपरी आउने सबै खर्च, दस्तुर, अन्डरराइटिङ्ग, कमिशन, दलाली, शूल्क, विज्ञापन तथा अन्य खर्चहरु कम्पनीले बेहोर्नेछ ।<br>२३) माथि दफामा उल्लेख भएका सबै वस्तु वा उदेश्य प्राप्त गर्नको लागि ठेक्का, लाइसेन्स आदी सुबिधाहरुको निमित्त दरखास्त दिने, टेण्डर खरिद गर्ने वा अन्य कुनै तरिकाले प्राप्त गर्ने, सम्पादन गर्ने, पुरा गर्ने, समाप्त गर्ने कार्यहरु गर्न सक्नेछ ।<br>२४) कम्पनीले उचित ठहराए बमोजिम माथि उल्लेखित सबै वा केहि उदेश्यहरु प्राप्त गर्नको लागि सहायक हुने वा भैपरी आउने सबै कार्यहरु गर्न सक्नेछ ।<br>२५) बीमा ऐन तथा नियमावलीको अधिनमा रही जीवन बीमा अभिकर्ता तथा बीमा सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ । | माध्यमहरुबाट विज्ञापन, सूचना आदी प्रसारण गर्ने ।<br>१३) कम्पनीको लागि आवश्यक पर्ने मेसिन, औजार, सवारी साधन,पार्ट-पुर्जाहरु, स्टोरका सामानहरु लगायत उद्देश्य परिपूर्ति गर्नको लागि आवश्यक पर्ने सामाग्रीहरु नेपाल सरकारबाट सहुलियतमा तथा स्वीकृती प्राप्त गरी विदेशबाट आयात गर्ने, तथा स्थानीय बजारबाट खरिद गर्ने ।<br>१४) कम्पनीको उद्देश्य परिपुर्तिको लागि आवश्यक सम्झौताहरु गर्ने ।<br>१५) कम्पनीको हितको निम्ति आवश्यक कोषहरु खडा गर्ने ।<br>१६) कम्पनीको उद्देश्य पुरा गर्न भैपरी आउने अन्य आवश्यक कार्यहरु गर्ने ।<br>१७) यस कम्पनीले गर्ने कार्यहरुमा सम्बन्धित निकायबाट स्विकृति लिई प्रविधि हस्तान्तरण, विदेशी लगानी तथा संयुक्त लगानी समावेश गर्न कार्य गर्ने ।<br>१८) प्रचलित ऐनको अधिनमा रही आवश्यकता अनुसार नेपालका विभिन्न स्थानहरुमा कम्पनीको शाखा/उपशाखा/प्रदेश कार्यालयहरु खोल्ने तथा अभिकर्ताहरु नियुक्त गर्न सक्नेछ । कम्पनीको हित हुने देखिएमा पूर्व स्वीकृति लिई स्वदेशी तथा विदेशी कम्पनी वा व्यक्तिहरुसँग मिली वा सहकार्यमा आफ्नो कारोवार संचालन गर्न सक्नेछ ।<br>१९) माथि दफामा उल्लेख भएका सबै वस्तु वा उद्देश्य प्राप्त गर्नको लागि ठेक्का, लाइसेन्स आदी सुविधाहरुको निमित्त दरखास्त दिने, टेण्डर खरिद गर्ने वा अन्य कुनै तरिकाले प्राप्त गर्ने, सम्पादन गर्ने, पुरा गर्ने, समाप्त गर्ने कार्यहरु गर्न सक्नेछ ।<br>२०) कम्पनीले उचित ठहराए बमोजिम माथि उल्लेखित सबै वा केहि उद्देश्यहरु प्राप्त गर्नको लागि सहायक हुने वा भैपरी आउने सबै कार्यहरु गर्न सक्नेछ ।<br>२१) बीमा ऐन तथा नियमावलीको अधिनमा रही जीवन बीमा अभिकर्ता तालिम तथा बीमासँग सम्बन्धित अन्य तालिम कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ । | पुनर्लेखन गरिएको ।<br><br>कम्पनीले आवश्यकता अनुसार कोषहरु खडा गर्ने हुनाले पुनर्लेखन गरिएको ।<br><br>प्रदेश/उपशाखा राख्न आवश्यक देखिएकाले । |
| ५ | ५ | ख) कम्पनीको तत्काल जारी पूँजी रु. ९,०२,८७,६३,२०९/- (अक्षेरुपी नौ अर्ब दुई करोड सतासी लाख त्रिसठ्ठी हजार दुई सय नौ) हुनेछ । | ख) कम्पनीको तत्काल जारी पूँजी रु.९,४८,०२,०१,३६९/- (अक्षेरुपी नौ अर्ब अड्चालीस करोड दुई लाख एक हजार तीन सय उनन्सत्तरी) हुनेछ । | बोनस शेयर जारी गर्दा विद्यमान जारी पूँजी अपुग हुने भई जारी पूँजीलाई वृद्धि गर्न आवश्यक भएकोले । |
| | | घ) कम्पनीको चुक्ता पूँजी रु. ९,०२,८७,६३,२०९/- ( अक्षेरुपी नौ अर्ब दुई करोड सतासी लाख त्रिसठ्ठी हजार दुई सय नौ) हुनेछ । | घ) कम्पनीको चुक्ता पूँजी रु.९,४८,०२,०१,३६९/- (अक्षेरुपी नौ अर्ब | बोनस शेयर जारी गर्दा चुक्ता पूँजी वृद्धि हुने भएकोले । |

प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | | अड्चालीस करोड दुई लाख एक हजार तीन सय उनन्सत्तरी) हुनेछ । | |
| ६ | ७ | अन्य आवश्यक कुराहरु:<br>(क) अन्य आवश्यक कुराहरु साधारण सभाले कम्पनी ऐन र प्रचलित कानूनको अधिनमा रहि समय समयमा निर्णय गरे बमोजिम हुनेछ ।<br>(ख) कम्पनीको एउटा छुट्टै छाप हुनेछ र कम्पनीको तर्फबाट तयार पारिने कुनै पनि कागज सोहि छापले प्रमाणित गरि राखिने छ ।<br>(ग) कुनै व्यक्तिले कम्पनीलाई सम्पत्ति उपलब्ध गराएकोमा सोको मुल्य बराबरको शेयर दिन सकिने छ । अर्थात नगद बाहेक पनि संचालक समितिको निर्णय अनुसार कम्पनीको शेयर प्राप्त गर्न सकिनेछ।<br>(घ) यो लिमिटेड कम्पनी भएको हुँदा कम्पनीका शेयरहोल्डरहरुको दायित्व आफुले लिन कबुल गरेको शेयरमा मात्र सिमित हुने छ । कुनै बखत कम्पनी घाटामा गई साहुको ऋण तिर्न नसकेमा कम्पनीको जायजेथाले खामेदेखि बाहेक अन्य रकम शेयरधनीहरुको घर घरानाबाट तिर्नु व्यहोर्नु पर्ने छैन।<br>(ङ) कम्पनी ऐन र बीमा ऐनमा उल्लेख भएका कुराहरु सोहि बमोजिम हुनेछ र कम्पनी ऐन, बीमा ऐन, तथा अन्य प्रचलित कानूनसँग बाँझिएका कुराहरु बाझिएको हदसम्म अमान्य हुनेछ ।<br>(च) कम्पनीको शेयर प्रचलित कानूनको अधिनमा रहि धितोबन्धक राख्न वा विक्री गर्न वा अन्य कुनै व्यहोराले हक छाडि दिन सक्ने छ ।<br>(छ) कम्पनीले व्यक्ति सरह आफ्नो नामबाट चल अचल सम्पत्ति खरिद गर्न, विक्री गर्न, बन्धक लिन दिन वा दान दातव्य उपहार लिन दिन सक्नेछ ।<br>(ज) कम्पनीले हक हित संरक्षणको लागि आफ्नो नामबाट नालिस उजुर गर्न र यस उपर पनि सोहि नामबाट नालिस उजुर गर्न सक्नेछ ।<br>(झ) कम्पनी ऐन र यस संग सम्बन्धित ऐनहरु संशोधन भएको अवस्थामा, यो प्रबन्धपत्रमा लेखिएका कुराहरु सोही बमोजिम स्वत: संशोधन भएको मानिनेछ । त्यस्तो संशोधन भएको जानकारी आगामी बार्षिक साधारण सभामा गराई अध्यावधिक गर्नु पर्नेछ । | अन्य आवश्यक कुराहरु:<br>(क) अन्य आवश्यक कुराहरु साधारण सभाले कम्पनी ऐन र प्रचलित कानूनको अधिनमा रही समय समयमा निर्णय गरे बमोजिम हुनेछ ।<br>(ख) कम्पनीको एउटा छुट्टै छाप हुनेछ र कम्पनीद्वारा तयार पारिने कागजातहरु प्रमाणित गर्दा सोही छापको प्रयोग गरिने छ ।<br>(ग) कुनै व्यक्तिले कम्पनीलाई सम्पत्ति उपलब्ध गराएकोमा सोको मूल्य बराबरको शेयर दिन सकिने छ ।<br>(घ) यो लिमिटेड कम्पनी भएको हुँदा कम्पनीका शेयरधनीहरुको दायित्व आफुले लिन कबुल गरेको शेयरमा मात्र सिमित हुनेछ । कुनै बखत कम्पनी घाटामा गई साहुको ऋण तिर्न नसकेमा कम्पनीको जायजेथाले खामेदेखि बाहेक अन्य रकम शेयरधनीहरुले घर घरानाबाट तिर्नु व्यहोर्नु पर्ने छैन ।<br>(ङ) कम्पनी ऐन र बीमा ऐनमा उल्लेख भएका कुराहरु सोहि बमोजिम हुनेछ र कम्पनी ऐन, बीमा ऐन, तथा अन्य प्रचलित कानूनसँग बाझिएका कुराहरु बाझिएको हदसम्म अमान्य हुनेछ ।<br>(च) कम्पनीको शेयर प्रचलित कानूनको अधिनमा रही धितोबन्धक राख्न वा बिक्री गर्न वा अन्य कुनै व्यहोराले हक छाडि दिन सक्ने छ ।<br>(छ) कम्पनीले व्यक्ति सरह आफ्नो नामबाट चल अचल सम्पत्ति खरिद गर्न, विक्री गर्न, बन्धक लिन दिन वा दान दातव्य उपहार लिन दिन सक्नेछ ।<br>(ज) कम्पनीले हक हित संरक्षणको लागि आफ्नो नामबाट नालिस उजुर गर्न/गराउन सक्नेछ ।<br>(झ) कम्पनी ऐन, बीमा ऐन र अन्य प्रचलित ऐनहरु संशोधन भएको अवस्थामा, यो प्रबन्धपत्रमा लेखिएका कुराहरु सोही बमोजिम स्वत: संशोधन भएको मानिनेछ । त्यस्तो संशोधन भएको जानकारी आगामी वार्षिक साधारण सभामा गराई अध्यावधिक गर्नु पर्नेछ । | पुनर्लेखन<br><br>शेयरहोल्डरको सट्टा शेयरधनी बनाइएको<br><br>आफै गर्न वा कोही मार्फत गर्न सक्ने भएकोले |

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
प्रधान कार्यालय

# नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. को
# २६औं वार्षिक साधारण सभाबाट पारित
# नियमावलीको तीन महले विवरण

| नियमावली | | | | |
|---|---|---|---|---|
| क्र.स. | नियम | साविकको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था | कैफियत |
| १ | २ | क) कम्पनीको रजिष्टर्ड कार्यालय:<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय पर्सा जिल्ला, बिरगञ्ज नगरपालिका, बिरगञ्ज रहनेछ र कारोबार गर्ने स्थान अन्यत्र पनि हुने गरी शाखा कार्यालय अधिराज्यका बिभिन्न ठाउँमा हुनेछन् । कम्पनीको आवश्कता बमोजिम सम्बन्धित निकायको स्वीकृतीमा रजिष्टर्ड कार्यालयको स्थानान्तरण गर्न र शाखा कार्यालयको बिस्तार गर्न सकिनेछ । | क) कम्पनीको रजिष्टर्ड कार्यालय:<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय पर्सा जिल्ला, बिरगञ्ज महानगरपालिका वडा नं. ६ मा रहनेछ र कारोबार गर्ने स्थान अन्यत्र पनि हुने गरी प्रदेश/शाखा/उपशाखा कार्यालय नेपालका विभिन्न ठाउँमा हुनेछन् । कम्पनीको आवश्यकता बमोजिम सम्बन्धित निकायको स्वीकृतिमा रजिष्टर्ड कार्यालयको स्थानान्तरण गर्न र देश भित्र/बाहिर कार्यालयको विस्तार गर्न सकिनेछ । | अधिराज्यको सट्टा नेपाल राखिएको । प्रदेश कार्यालय थप गरिएको । बीमा ऐनको दफा ३२ अनुसार थप गरिएको । |
| | ५ | क) कम्पनीको अधिकृत पूँजी रु. १०,००,००,००,०००/– (दस अर्व) हुनेछ । उक्त पूँजीलाई प्रतिशेयर रु.१०० (एक शय) का दरले हुने गरी १०,००,००,०००/– (दस करोड) थान शेयरमा विभाजन गरिएको छ | क) हटाइएको । | प्रबन्धपत्रमा उल्लेख भैसकेको हुँदा । |
| | | ख) कम्पनीको तत्काल जारी पूँजी रु. ९,०२,८७,६३,२०९/- (अक्षेरुपी नौ अर्ब दुई करोड सतासी लाख त्रिसट्ठी हजार दुई सय नौ) हुनेछ । | ख) हटाइएको । | प्रबन्धपत्रमा उल्लेख भैसकेको हुँदा । |
| | | ङ) कम्पनीको चुक्ता पूँजी रु. ९,०२,८७,६३,२०९/- (अक्षेरुपी नौ अर्ब दुई करोड सतासी लाख त्रिसट्ठी हजार दुई सय नौ) हुनेछ । | ङ) हटाइएको । | प्रबन्धपत्रमा उल्लेख भैसकेको हुँदा । |
| | | च) कम्पनीको जारी पूँजी मध्ये ५१% को शेयर (क) समूहका शेयरधनिहरुलाई र ४९% शेयर (ख) समुहका शेयर धनिहरुलाई बाँडफाँड गरिने छ । | च) हटाइएको । | प्रबन्धपत्रमा उल्लेख भैसकेको हुँदा । |
| २ | ६ | संचालक र निजको कार्य अवधि:<br>(क) यस कम्पनीको संचालक समितिमा ७ जना संचालकहरु समितिमा रहने छन् । जस मध्ये संस्थापक समूह (क) बाट ३ जना र सर्वसाधारण समूह (ख) बाट ३ (तीन) जना निर्वाचित गरिने छ तथा १ (एक) जना स्वतन्त्र संचालक नियुक्त गरिने छ ।<br>(ख) संचालक तथा स्वतन्त्र संचालकहरुको कार्यकाल ४ (चार) बर्षको हुनेछ । स्वतन्त्र संचालकहरुको हकमा आवश्यकता बमोजिम संचालक समितिले परिवर्तन गर्न सक्नेछ ।<br>(ग) संचालकहरु तोके बमोजिमको संख्यामा संस्थापक र सर्वसाधारण शेयरधनिहरु मध्येबाट प्रक्रिया पुऱ्याई निर्वाचित हुने छन् भने स्वतन्त्र संचालकलाई संचालक समितिले नियुक्ति गर्नेछ ।<br>(घ) संगठित संस्थाबाट संचालक नियुक्ति भएको अवस्थामा निजको अनुपस्थितीमा | संचालक र निजको कार्य अवधि:<br>(१) संचालकहरुको निर्वाचन तथा नियुक्ति प्रचलित कानूनको अधिनमा रही साधारण सभाबाट हुनेछ ।<br>(२) यस कम्पनीको संचालक समितिमा ७ जना संचालकहरु रहनेछन् जसमध्ये संस्थापक समूह (क) बाट ३ जना, सर्वसाधारण समूह (ख) बाट ३ (तीन) (१ महिला सहित) जना निर्वाचित गरिनेछ तथा १ (एक) जना स्वतन्त्र संचालक समितिद्वारा नियुक्त गरिनेछ ।<br>(३) संचालकहरु तथा स्वतन्त्र संचालकको कार्यकाल ४ वर्षको हुनेछ । कुनै कारणवश समयभित्र संचालकको नियुक्ति हुन नसकेमा संचालक समितिले आउने साधारण सभासम्मको लागि कार्यकाल थप गर्न सक्नेछ ।<br>(४) वार्षिक साधारण सभा हुनु अगावै संचालकको पद रिक्त भएमा अर्को साधारण सभा नभएसम्मका लागि संचालक समितिद्वारा पैंतीस दिन भित्र त्यस्तो संचालकको पदमा नियुक्ति गर्न सकिनेछ । कुनै संचालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई | पुनर्लेखन गर्न आवश्यक देखिएकोले ।<br>एक महिला संचालक छानिनु पर्ने आवश्यकता भएकोले ।<br>बीमा ऐनको दफा ४७(७) अनुसार । |

नेपाल लाइफ इन्स्योरेन्स प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | बैठकमा भाग लिने गरी बैकल्पित संचालक नियुक्ति गर्न सकिने छ ।<br>(ङ) संचालक समितिको अध्यक्ष संचालकहरुले आफू मध्येबाट छनोट गर्ने छन् । | सो पदमा नियुक्त भएको संचालकको कार्यकाल जुन संचालकको पद रिक्त भई नियुक्त भएको हो सो संचालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ ।<br>(५) संचालकको निर्वाचनको लागि संचालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।<br>(६) संचालकहरुले आफू मध्येबाट संचालक समितिको अध्यक्ष छनोट गर्ने छन् । | |
| ३ | ७ | <u>संचालक हुन लिन पर्ने न्यूनतम शेयर संख्या:</u><br>यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनको लागि आफ्नो नाममा घटिमा १०० थान शेयर लिएको हुनु पर्नेछ । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने व्यक्तिको हकमा भने यो बन्देज लागु हुने छैन । | <u>संचालक हुन लिन पर्ने न्यूनतम शेयर संख्या:</u><br>यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनको लागि आफ्नो नाममा घटिमा १०० थान शेयर लिएको हुनु पर्नेछ । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने व्यक्तिको हकमा भने यो बन्देज लागू हुने छैन । संगठित संस्थाद्वारा मनोनित संचालकहरु बाहेकका कम्पनीको समूह (क) वा समूह (ख) संचालकको पदमा नियुक्त हुन कम्तीमा १०० शेयरहरु आफ्नो नाउँमा लिएको हुनुपर्नेछ । शेयरधनी स्वतन्त्र संचालक नियुक्त हुने छैन । | थप गरिएको |
| ४ | ८ | <u>संचालक हुनको निम्ती चाहिने योग्यता:</u><br>क) संस्थापक र सर्वसाधारण शेयरधनिबाट संचालकमा नियुक्त हुनको लागि नियम ७ मा उल्लिखित संख्याको शेयर आफ्नो नाममा लिएको हुनु पर्नेछ तथा कम्पनी ऐन २०६३ को दफा ८९ को (१) बमोजिमको अयोग्यता नभएको हुनुपर्नेछ ।<br>(ख) स्वतन्त्र संचालकहरुको हकमा भने कम्पनी ऐन २०६३ को दफा ८९ को (१) र (२) बमोजिमको अयोग्यता समेत नभएको व्यक्ति मात्र स्वतन्त्र संचालकको पदमा नियुक्त हुन योग्य हुनेछ । | <u>संचालक हुनको निम्ति चाहिने योग्यता:</u><br>क) संस्थापक र सर्वसाधारण शेयरधनीबाट संचालकमा नियुक्त हुनको लागि नियम ७ मा उल्लिखित संख्याको शेयर आफ्नो नाममा लिएको, प्रचलित बीमा ऐनले तोकेको योग्यता र अयोग्यता तथा प्रचलित कम्पनी ऐन बमोजिमको अयोग्यता नभएको हुनुपर्नेछ ।<br>ख) स्वतन्त्र संचालकको हकमा प्रचलित बीमा ऐनले तोकेको योग्यता र अयोग्यता तथा प्रचलित कम्पनी ऐन बमोजिमको अयोग्यता नभएको हुनुपर्नेछ ।<br>(ग) संचालक समितिले उपनियम (ख) बमोजिम योग्यता पुरा गरेको व्यक्तिलाई स्वतन्त्र संचालकको पदमा नियुक्ति गरी सो को जानकारी त्यस्तो नियुक्ति पछि बस्ने साधारण सभामा गराउने छ ।<br>(घ) स्वतन्त्र संचालकको काम, कर्तव्य, जवाफदेहीता तथा सुविधा कम्पनीको नियमावली, प्रचलित बीमा ऐन तथा कम्पनी ऐनले तोके बमोजिम हुनेछ । | स्वतन्त्र संचालकको हकमा थप व्यवस्था गरिएको ।<br><br>बीमा ऐनको दफा ४९ (संचालकको योग्यता) र दफा ५० (संचालकको अयोग्यता) मा भएका व्यवस्थालाई समेट्न आवश्यक भएकोले । |
| ५ | ११ | <u>प्रबन्ध संचालक रहने अवस्थामा निजको योग्यता,पारिश्रमिक तथा सेवाका अन्य शर्त र काम,कर्तव्य अधिकार:</u><br>१) संचालक समितिको प्रबन्ध संचालक नियुक्ति गर्नु पर्दा प्रबन्ध संचालकको काम,कर्तव्य र अधिकार तथा जिम्मेवारी, सेवाका शर्तहरु, पदावधी,पारिश्रमिक र सुबिधा तथा सम्बद्ध कुरामा समेत निर्णय गर्नेछ ।<br>२) प्रबन्ध संचालक नियुक्त गरिएकोमा निजको काम,कर्तव्य र अधिकार ,नीजले पाउने पारिश्रमिक र सुबिधा र सेवाका शर्त समेत तोकि करार गरिने छ ।<br>३) प्रबन्ध संचालक लेखा परिक्षण समितिको सदस्य हुन सक्ने छैन । | <u>प्रबन्ध संचालक रहने अवस्थामा निजको योग्यता, पारिश्रमिक तथा सेवाका अन्य शर्त र काम, कर्तव्य अधिकार: (प्रबन्ध संचालक नरहने)</u><br>१) हटाइएको<br><br>२) हटाइएको<br><br>३) हटाइएको | प्रबन्ध संचालक नरहने भएकोले हटाइएको । |
| ६ | ११ (क) | <u>प्रबन्ध संचालक नरही प्रमुख कार्यकारी अधिकृत रहेमा निजको योग्यता पारिश्रमिक तथा सेवा वा अन्य शर्त काम, कर्तव्य र अधिकार:</u> | <u>प्रबन्ध संचालक नरही प्रमुख कार्यकारी अधिकृत रहेमा निजको योग्यता पारिश्रमिक तथा सेवा वा अन्य शर्त काम, कर्तव्य र अधिकार:</u> | प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम हुने हुँदा सबै काम कर्तव्य र अधिकार |

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | १) कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न प्रवन्ध संचालक नियुक्त नगरिएको अवस्थामा संचालक समितिले कम्पनीको प्रमुख प्रशासकको रुपमा काम गर्न प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्न सक्ने छ ।<br>२) उपनियम (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतको योग्यता,काम, कर्तव्य र अधिकार,निजले पाउने पारिश्रमिक र सुबिधा तथा सेवाका अन्य शर्तहरु संचालक समितिले तोकि दिए बमोजिम हुनेछ । | (१) संचालक समितिले प्रचलित बीमा ऐन तथा नियमावलीको अधिनमा रही कम्पनीको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति करारद्वारा गर्न सक्नेछ ।<br>(२) प्रमुख कार्यकारी अधिकृतको योग्यता, काम, कर्तव्य, जिम्मेवारी, अधिकार, निजले पाउने पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू प्रचलित बीमा ऐन तथा अन्य कानून अनुसार संचालक समितिले तोकिदिए बमोजिम हुनेछ । | यहाँ उल्लेख नगरिएको । |
| ७ | १२ | **संचालकको पारिश्रमिक र भत्ता सम्बन्धी व्यवस्था:**<br>अध्यक्ष, प्रबन्ध संचालक र संचालकको पारिश्रमिक तथा बैठक भत्ता साधारण सभाले समय समयमा तोके बमोजिम हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म संचालक समितिले यस विषयमा निर्णय गर्न सक्नेछ । | **संचालकको पारिश्रमिक र भत्ता सम्बन्धी व्यवस्था:**<br>(क) अध्यक्ष र संचालकको पारिश्रमिक तथा बैठक भत्ता साधारण सभाले समय समयमा तोकी यस नियमावलीमा व्यवस्था गरे बमोजिम हुनेछ ।<br>(ख) अध्यक्ष तथा संचालकहरुको बैठक भत्ता तथा अन्य सुविधा निम्नानुसार हुनेछ ।<br>**संचालक समिति बैठक भत्ता:**<br>अध्यक्ष - प्रति बैठक रू २२,०००/-<br>संचालक - प्रति बैठक रू २१,०००/-<br>**संचालक स्तरीय समिति बैठक भत्ता:**<br>संयोजक/संचालक - प्रति बैठक रू २२,०००/-<br>सदस्य/संचालक -प्रति बैठक रू २१,०००/-<br>टेलिफोन, मोबाइल तथा पत्रपत्रिका खर्च बापत मासिक रू. १५,०००/- | बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८० को दफा ७ मा व्यवस्था गरिए बमोजिम नियमावलीमा राख्नु पर्ने व्यवस्था रहेको । |
| ८ | १३.१ | परिभाषा:<br>विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:<br>(क) "कम्पनी" भन्नाले नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड सम्झनु पर्दछ ।<br>(ख) "कम्पनी ऐन" भन्नाले कम्पनी ऐन, २०५३ लाई र सो मा हुने संसोधनलाई सम्झनुपर्छ ।<br>(ग) "नियमावली" भन्नाले कम्पनीको यस नियमावली र त्यसमा समय समयमा हुने संशोधनलाई सम्झनु पर्छ ।<br>(घ) "प्रबन्ध पत्र" भन्नाले यस कम्पनीको प्रबन्ध पत्रलाई सम्झनु पर्छ ।<br>(ङ) "कार्यालय" भन्नाले कम्पनीले रजिष्टर्ड कार्यालयलाई सम्झनु पर्छ ।<br>(च) "संचालक" भन्नाले कम्पनीमा रितपूर्वक नियुक्त भएका तत्काल वहाल रहेका संचालकलाई सम्झनु पर्छ र यो शब्दले वैकल्पिक संचालकलाई समेत जनाउँछ ।<br>(छ) "समिति" भन्नाले कम्पनीको संचालक समितिलाई सम्झनु पर्छ ।<br>(ज) "रजिष्टर्ड" भन्नाले कम्पनीमा रहेका शेयधनीहरुको दर्ता किताबलाई सम्झनु पर्छ ।<br>(झ) "लाभांश " भन्नाले बोनसलाई समेत जनाउँछ । | परिभाषा:<br>विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:<br>(क) **"कम्पनी"** भन्नाले नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड सम्झनु पर्दछ ।<br>(ख) **"कम्पनी ऐन"** भन्नाले प्रचलित कम्पनी ऐन र सोमा हुने संशोधनलाई सम्झनुपर्छ ।<br>(ग) **"नियमावली"** भन्नाले कम्पनीको यस नियमावली र त्यसमा समय समयमा हुने संशोधनलाई सम्झनु पर्छ ।<br>(घ) **"प्रबन्धपत्र"** भन्नाले यस कम्पनीको प्रबन्ध पत्रलाई सम्झनु पर्छ ।<br>(ङ) **"कार्यालय"** भन्नाले कम्पनीको रजिष्टर्ड कार्यालयलाई सम्झनु पर्छ ।<br>(च) **"संचालक"** भन्नाले कम्पनीमा रितपूर्वक नियुक्त भएका तत्काल वहाल रहेका संचालकलाई सम्झनु पर्छ र यो शब्दले वैकल्पिक संचालकलाई समेत जनाउँछ ।<br>(छ) **"समिति"** भन्नाले कम्पनीको संचालक समितिलाई सम्झनु पर्छ ।<br>(ज) **"शेयर रजिष्टर"** भन्नाले कम्पनीमा रहेका शेयधनीहरुको दर्ता किताबलाई सम्झनु पर्छ ।<br>(झ) **"लाभांश "** भन्नाले नगद लाभांश र बोनस शेयरलाई जनाउँछ ।<br>(ञ) **"प्रोक्सी "** भन्नाले साधारण सभामा भाग लिन रितपूर्वक मुकरर गरिएका प्रतिनिधिलाई जनाउँछ । | ऐन नियमावली परिवर्तन हुँदै जाने हुँदा प्रचलित राख्न उपयुक्त देखिएकोले ।<br><br>शेयर रजिष्टर हुनु पर्ने भएकोले । |

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | (ञ) "प्रोक्सी " भन्नाले साधारण सभामा भाग लिन रितपूर्वक मुकरर गरिएका प्रतिनिधिलाई समेत जनाउँछ ।<br>(ट) "समूह (क)" भन्नाले संस्थापक शेयरधनीहरु र सो समूहको शेयर खरिद गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।<br>(ठ) "समूह (ख)" भन्नाले सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।<br>(ड) "शेयर" भन्नाले कम्पनीको शेयर पूँजीको खास खास मुल्य र संख्यामा विभाजित शेयरलाई सम्झनु पर्दछ ।<br>(ढ) "शेयरधनी" भन्नाले कम्पनीले तोकेको न्यूनतम शेयर संख्या वा सो भन्दा बढी शेयरलाई खरिद गर्ने व्यक्तिहरुलाई सम्झनु पर्छ ।<br>(ण) "शेयरधनीहरु" भन्नाले कम्पनीको शेयरमा स्वामित्व भएका व्यक्तिलाई सम्झनु पर्दछ ।<br>(त) "संस्थापक" भन्नाले कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा दस्तखत गरी कम्पनीको संस्थापना गर्नको लागि आवेदन दिने व्यक्तिलाई सम्झनु पर्छ।<br>(थ) "महिना" भन्नाले नेपाली कम्पनीको पञ्चाङ्गको महिनालाई जनाउँछ ।<br>(द) "लेख" भन्नाले मुद्रण, लिथोग्राफि, टाइप वा शब्दहरुलाई प्रतिनिधित्व गर्ने अन्य साधनलाई समेत जनाउँछ ।<br>(ध) "आर्थिक वर्ष" भन्नाले प्रत्येक सालको श्रावण संक्रान्ति देखि लगतै अर्को सालको आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्छ ।<br>(न) "बीमा ऐन" भन्नाले बीमा ऐन, २०४९ लाई सम्झनु पर्दछ ।<br>(प) "नियमावली" भन्नाले बीमा नियमावली २०४९ लाई सम्झनु पर्दछ ।<br>(फ) "बिमक" भन्नाले यस बीमा कम्पनीलाई सम्झनु पर्दछ ।<br>(भ) "बिमित" भन्नाले बीमा गराउने कुनै व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।<br>(म) "बीमा लेख" भन्नाले बीमाको करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखतलाई सम्झनु पर्दछ ।<br>(य) "बीमा अभिकर्ता" भन्नाले कम्पनीको तलबी कर्मचारी नभई कमिशनको आधारमा कम्पनीको तर्फबाट काम गर्ने ईजाजत प्राप्त व्यक्ति सम्झनु पर्दछ र सो शब्दले दलाललाई समेत जनाउँछ ।<br>(र) "बीमा समिति" भन्नाले ऐन बमोजिम गठित बीमा समिति सम्झनु पर्दछ । | (ट) **"समूह (क)"** भन्नाले संस्थापक शेयरधनीहरु र सो समूहको शेयर खरिद गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।<br>(ठ) **"समूह (ख)"** भन्नाले सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।<br>(ड) **"शेयर"** भन्नाले कम्पनीको शेयर पूँजीको खास खास मूल्य र संख्यामा विभाजित शेयरलाई सम्झनु पर्दछ ।<br>(ढ) हटाइएको ।<br>(ण) **"शेयरधनी"** भन्नाले कम्पनीको शेयरमा स्वामित्व भएका व्यक्तिलाई सम्झनु पर्दछ ।<br>(त) **"संस्थापक"** भन्नाले कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा दस्तखत गरी कम्पनीको संस्थापना गर्नको लागि आवेदन दिने व्यक्तिलाई सम्झनु पर्छ ।<br>(थ) **"महिना"** भन्नाले नेपाली कम्पनीको पञ्चाङ्गको महिनालाई जनाउँछ ।<br>(द) **"लेख"** भन्नाले मुद्रण, लिथोग्राफि, टाइप वा शब्दहरुलाई प्रतिनिधित्व गर्ने अन्य साधनलाई समेत जनाउँछ ।<br>(ध) **"आर्थिक वर्ष"** भन्नाले प्रत्येक सालको श्रावण संक्रान्ति देखि लगतै अर्को सालको आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्छ ।<br>(न) **"बीमा ऐन"** भन्नाले प्रचलित बीमा ऐन र सोमा हुने संशोधन समेतलाई सम्झनु पर्दछ ।<br>(प) **"बीमा नियमावली"** भन्नाले प्रचलित बीमा ऐन बमोजिम बनेको नियमावली र सोमा हुने संशोधन समेतलाई सम्झनु पर्दछ ।<br>(फ) **"बिमक"** भन्नाले यस बीमा कम्पनीलाई सम्झनु पर्दछ ।<br>(भ) **"बीमित"** भन्नाले बीमा गर्ने व्यक्ति सम्झनु पर्दछ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ ।<br>(म) **"बीमालेख"** भन्नाले बीमाको करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखतलाई सम्झनु पर्दछ ।<br>(य) **"बीमा अभिकर्ता"** भन्नाले बीमकको कर्मचारी बाहेक बीमकको तर्फबाट कमिशनको आधारमा काम गर्ने ईजाजतपत्र प्राप्त बीमा मध्यस्थकर्ता, व्यक्ति वा संस्था सम्झनु पर्दछ ।<br>(र) **"प्राधिकरण"** भन्नाले ऐन बमोजिम गठित नेपाल बीमा प्राधिकरण सम्झनु पर्दछ ।<br>(ल) अन्य शब्दहरुको व्याख्या कम्पनी ऐन, बीमा ऐन र अन्य प्रचलित कानूनमा उल्लेख भएको परिभाषा अनुसार हुनेछन् ।<br>(व) **"प्रधान कार्यालय"** भन्नाले कम्पनीको काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. २८, कमलादीमा रहेको प्रधान कार्यालय सम्झनु पर्दछ । | ण को परिभाषाले समेटेको हुँदा ।<br><br>बीमा ऐन अनुसार मिलाइएको<br><br>थप गरिएको |

| | | | | |
|---|---|---|---|---|
| | | (ल) अन्य शब्दहरुको व्याख्या कम्पनी ऐन र अन्य प्रचलित कानूनमा उल्लेख भएको परिभाषा अनुसार हुनेछन् । | | |
| ९ | १३.१.३ | शेयर दाखिल खारेज गर्ने अधिकार कम्पनी ऐन तथा यस नियमावलीमा उल्लेख भए बमोजिम प्रकृयागत कुरामा सीमित रहनेछ । | शेयर दाखिल खारेज गर्ने कार्य यस नियमावली, कम्पनी ऐन, बीमा ऐन, तथा प्रचलित कानूनमा उल्लेख भए बमोजिम प्रकृयागत रुपमा हुनेछ । | पुनर्लेखन गरिएको । |
| १० | १३.६ | **शेयरको प्रमाणपत्र:**<br>(क) शेयरधनीहरुलाई शेयरको प्रमाण पत्र दिँदा कम्पनीको छाप र कम्पनी ऐनमा रहेको व्यवस्था बमोजिम दस्तखत गराइ दिइने छ ।<br>(ख) त्यस्तो प्रत्येक प्रमाणपत्रमा सिलसिला नम्बर सहित शेयरको संख्या र त्यसको भुक्तानी भएको रकम जानिने छ ।<br>(ग) प्रत्येक शेयरधनीले कम्पनीले तोके बमोजिम आफ्नो नाममा दर्ता भएको शेयरहरुको एउटै प्रमाण पत्र वा समूहीकृत वा प्रत्येक शेयरको भिन्न – भिन्नै प्रमाण पत्र पाउन सक्नेछ ।<br>(घ) कुनै प्रमाणपत्र भुत्रो भएमा वा बिग्रेमा संचालक समिति छेउ सो दाखिला भए पछि समितिले सो रद्ध गर्न लगाई त्यसको बदलामा नयाँ प्रमाण पत्र दिन सक्नेछ । त्यस्तै कुनै प्रमाणपत्र हराएमा वा नोक्सान भएमा शेयर धनीले सो हराएको वा नोक्सान भएको थाहा पाएको मितिले ३५ दिन भित्र कम्पनीको रिजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्छ । त्यस्तो दरखास्त पर्न आएमा समितिले कम्पनी ऐनको व्यवस्था बमोजिम सबै कुरा बुझी निवेदकको व्यहोरा मनासिब देखिएमा सो हराएको वा नोक्सान भएको प्रमाण पत्रको सट्टामा अर्को प्रमाणपत्र दिन सक्नेछ । यस दफा अनुसार अर्को प्रमाणपत्र दिंदा कम्पनीलाई प्रत्येक प्रमाणपत्र बापत रु.५०/-दस्तुर बुझाउनु पर्छ ।<br>(ङ) दुई वा दुई भन्दा बढी व्यक्तिहरुले साझा गरी शेयर लिएकोमा तिनीहरुको नाम प्रमाण पत्रमा जनाई सो मध्ये कसैलाई शेयर प्रमाण पत्र दिईनेछ । शेयरधनीको दर्ता किताबमा पनि सबै शेयरधनीको नाम जनाईनेछ । | **शेयरको प्रमाणपत्र:**<br>(क) शेयरधनीहरुलाई शेयरको प्रमाण पत्र दिँदा कम्पनीको छाप र कम्पनी ऐनमा रहेको व्यवस्था बमोजिम दस्तखत गराइ दिइने छ ।<br>(ख) त्यस्तो प्रत्येक प्रमाणपत्रमा सिलसिला नम्बर सहित शेयरको संख्या र त्यसको भुक्तानी भएको रकम जनाइनेछ ।<br>(ग) प्रत्येक शेयरधनीले कम्पनीले तोके बमोजिम आफ्नो नाममा दर्ता भएको शेयरहरुको एउटै प्रमाण पत्र वा समूहीकृत वा प्रत्येक शेयरको भिन्न - भिन्नै प्रमाण पत्र पाउन सक्नेछ ।<br>(घ) कुनै प्रमाणपत्र भुत्रो भएमा वा बिग्रेमा संचालक समितिमा सो दाखिला भए पछि समितिले उक्त प्रमाणपत्र रद्द गर्न लगाई त्यसको बदलामा नयाँ प्रमाण पत्र दिन सक्नेछ । त्यस्तै कुनै प्रमाणपत्र हराएमा वा नोक्सान भएमा शेयरधनीले सो हराएको वा नोक्सान भएको थाहा पाएको मितिले ३५ दिन भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्छ । त्यस्तो दरखास्त पर्न आएमा समितिले कम्पनी ऐनको व्यवस्था बमोजिम सबै कुरा बुझी निवेदकको व्यहोरा मनासिव देखिएमा सो हराएको वा नोक्सान भएको प्रमाण पत्रको सट्टामा अर्को प्रमाणपत्र दिन सक्नेछ । यस दफा अनुसार अर्को प्रमाणपत्र दिंदा कम्पनीलाई शेयरधनीले प्रत्येक प्रमाणपत्र बापत रु.५०/-दस्तुर बुझाउनु पर्छ ।<br>(ङ) दुई वा दुई भन्दा बढी व्यक्तिहरुले साझा गरी शेयर लिएकोमा तिनीहरुको नाम प्रमाण पत्रमा जनाई सो मध्ये कसैलाई शेयर प्रमाण पत्र दिईनेछ । शेयरधनीको दर्ता किताबमा पनि सबै शेयरधनीको नाम जनाईनेछ ।<br>(च) प्रचलित कानून बमोजिम शेयर अभौतिकिकरण गर्ने व्यवस्था गरिनेछ । | संशोधन भएको ।<br><br>च) थपिएको |
| ११ | १३.८ | **जफत:**<br>(क) कुनै शेयरधनीले भुक्तानी गर्नु पर्ने कलको रकम वा किस्ता रकम तोकिएको म्यादभित्र भुक्तानी नगरेमा त्यसरी भुक्तानी नगरी बाँकी राखेको रकम बुझाउन ल्याउन मनासिब माफिकको अवधि तोकी सूचना दिनु पर्नेछ । सो अवधिमा पनि बुझाउन नल्याएमा निजको शेयर जफत हुने कुरा उल्लेख गरी निज शेयरधनीलाई सूचना दिइने छ र त्यस्तो सूचना राष्ट्रिय स्तरको पत्र पत्रिकामा दुई पटक प्रकाशित गरिनेछ ।<br>(ख) माथि लेखिए बमोजिम सूचना दिंदा पनि शेयर बापत बुझाउनु पर्ने रकम भुक्तानी | **जफत:**<br>क) कुनै शेयरधनीले भुक्तानी गर्नु पर्ने कलको रकम वा किस्ता रकम तोकिएको म्यादभित्र भुक्तानी नगरेमा त्यसरी भुक्तानी नगरी बाँकी राखेको रकम बुझाउन ल्याउन प्रचलित कम्पनी ऐनले व्यवस्था गरे बमोजिमको अवधि तोकी सूचना दिनु पर्नेछ । सो अवधिमा पनि बुझाउन नल्याएमा निजको शेयर जफत हुने कुरा उल्लेख गरी निज शेयरधनीलाई सूचना दिइने छ र त्यस्तो सूचना राष्ट्रिय स्तरको पत्र पत्रिकामा दुई पटक प्रकाशित गरिनेछ ।<br>(ख) माथि लेखिए बमोजिम सूचना दिंदा पनि शेयर बापत बुझाउनु पर्ने रकम भुक्तानी नगरी बाँकी राखेको शेयर समितिबाट पारित भएको प्रस्ताव अनुसार जफत | ऐनले तोके बमोजिम हुने गरी पुनर्लेखन गरिएको । |

नेपाल लाइफ इन्स्योरेन्स प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | नगरी बाँकी राखेको शेयर समितिबाट पारित भएको प्रस्ताव अनुसार जफत गर्न सकिनेछ । तर सो शेयरधनीले उक्त किस्ता रकम भुक्तान गर्न नसकेको कुनै मुनासिव कारण देखाई उपनियम (क) मा उल्लेखित म्याद नाघेको तीन महिना भित्र निवेदन दिएमा समितिले सो शेयर वापत भुक्तान भए जति रुपैयाँको (चुक्ता किस्ताको) शेयर कायम गरिदिन सक्नेछ ।<br>(ग) माथि उपनिय (ख) मा उल्लेख भए बमोजिम कुनै शेयर जफत गरिए पनि जफत हुनु भन्दा अघि सम्म सो शेयर जुन शेयरधनीको नाममा कायम रहेको थियो निजलाई जफत सम्बन्धी पारित भएको प्रस्तावको सूचना पठाईनेछ र जफत गरिएको कुरा र मिति समेत तुरुन्त रजिष्टरमा चढाईनेछ ।<br>(घ) त्यसरी जफत गरेको शेयर कम्पनीको सम्पत्ति हुनेछ र सो शेयरलाई समितिले उपयुक्त देखे बमोजिमको शर्त र तरिकाबाट बिक्री वितरण वा पुन: बाँडफाँड वा खारेज गर्न सक्नेछ ।<br>(ङ) कुनै शेयर जफत भए पछि सो शेयर उपरको सबै हकहरु समाप्त हुनेछ र सो शेयर वापत कम्पनीको विरुद्ध कुनै हकदावी लाग्न सक्ने छैन । | गर्न सकिनेछ । तर सो शेयरधनीले उक्त किस्ता रकम भुक्तान गर्न नसकेको कुनै मनासिव कारण देखाई उपनियम (क) मा उल्लेखित म्याद नाघेको तीन महिना भित्र निवेदन दिएमा समितिले सो शेयर वापत भुक्तान भए जति रुपैयाँको (चुक्ता किस्ताको) शेयर कायम गरिदिन सक्नेछ ।<br>(ग) माथि उपनियम (ख) मा उल्लेख भए बमोजिम कुनै शेयर जफत गरिए पनि जफत हुनु भन्दा अघि सम्म सो शेयर जुन शेयरधनीको नाममा कायम रहेको थियो निजलाई जफत सम्बन्धी पारित भएको प्रस्तावको सूचना पठाईनेछ र जफत गरिएको कुरा र मिति समेत तुरुन्त शेयर रजिष्टरमा चढाईनेछ ।<br>(घ) त्यसरी जफत गरेको शेयर कम्पनीको सम्पत्ति हुनेछ र सो शेयरलाई समितिले उपयुक्त देखे बमोजिमको शर्त र तरिकाबाट बिक्री वितरण वा पुन: बाँडफाँड वा खारेज गर्न सक्नेछ ।<br>(ङ) कुनै शेयर जफत भए पछि सो शेयर उपरको सबै हकहरु समाप्त हुनेछ र सो शेयर वापत कम्पनीको विरुद्ध कुनै हकदावी लाग्न सक्ने छैन । | |
| १२ | १३.९ | <u>शेयर माथि लियन:</u><br>(क) शेयरवालाले कम्पनीलाई शेयरको भुक्तान गर्नु पर्ने रुपैयाँ वापत निजहरुका नाममा दर्ता रहेका सबै शेयरहरु, त्यसको बिक्रीबाट आउने सबै रुपैयाँ र त्यस्ता शेयरहरुको सम्बन्धमा समय समयमा घोषित गरिने सबै लाभांशहरु माथि कम्पनीको सबै भन्दा पहिलो लियन रहनेछ र त्यस्तो शेयरहरुको सम्बन्धमा तिर्नु पर्ने सबै लाभांशहरु उपर पनि कम्पनीको लियन रहनेछ ।<br>(ख) त्यस्तो लियन लागु गर्ने प्रयोजनको निमित्त संचालक समितिले आफुले उपयुक्त देखे बमोजिम आफ्नो लियन भएका शेयरहरु बिक्री गर्न सक्नेछ । तर कम्पनीको बाँकी जुन रकम वापत सो शेयर उपर लियन रहेकोछ सो रकम भुक्तानी गर्न दिईएको म्याद नपुगेसम्म र त्यसरी बिक्री गर्ने मनसायको लिखित सूचना त्यस्ता शेयरधनी वा निजको कानुनी हकवालालाई नपठाए सम्म सो शेयर वा शेयरहरु बिक्री गर्न सकिने छैन ।<br>(ग) त्यस्तो शेयर बिक्रीबाट उठेको रकमबाट कम्पनीलाई सो लियन अन्तर्गतको शेयर वापत तत्काल भुक्तानी गर्न बाँकी रहेको जति सबै रकम भर्ना गरिने छ र त्यसबाट रकम बचत हुन आएमा सो बचत रकम त्यस्तो शेयरधनी वा निजको कानूनी प्रतिनिधिलाई बुझाइनेछ । | <u>शेयर माथि लियन:</u><br>शेयरधनीले कम्पनीलाई शेयरको भुक्तान गर्नु पर्ने रुपैयाँ वापत निजहरुका नाममा दर्ता रहेका सबै शेयरहरु, त्यसको बिक्रीबाट आउने सबै रुपैयाँ र त्यस्ता शेयरहरुको सम्बन्धमा समय समयमा घोषित गरिने सबै लाभांशहरु माथि कम्पनीको सबै भन्दा पहिलो लियन रहनेछ र त्यस्तो शेयरहरुको सम्बन्धमा तिर्नु पर्ने सबै लाभांशहरु उपर पनि कम्पनीको लियन रहनेछ ।<br>(ख) त्यस्तो लियन लागू गर्ने प्रयोजनको निमित्त संचालक समितिले आफुले उपयुक्त देखे बमोजिम आफ्नो लियन भएका शेयरहरु बिक्री गर्न सक्नेछ । तर कम्पनीको बाँकी जुन रकम वापत सो शेयर उपर लियन रहेकोछ सो रकम भुक्तानी गर्न दिईएको म्याद नपुगेसम्म र त्यसरी बिक्री गर्ने मनसायको लिखित सूचना त्यस्ता शेयरधनी वा निजको कानूनी हकवालालाई नपठाए सम्म सो शेयर वा शेयरहरु बिक्री गर्न सकिने छैन ।<br>(ग) त्यस्तो शेयर बिक्रीबाट उठेको रकमबाट कम्पनीलाई सो लियन अन्तर्गतको शेयर वापत तत्काल भुक्तानी गर्न बाँकी रहेको जति सबै रकम भर्ना गरिने छ र त्यसबाट रकम बचत हुन आएमा सो बचत रकम त्यस्तो शेयरधनी वा निजको कानूनी प्रतिनिधिलाई बुझाइनेछ ।<br>(घ) यस अघिका दफाहरु अन्तर्गत अधिकार प्रयोग गरी जफत गरिएको कुनै शेयर वा लियन लागू गर्न कुनै शेयर बिक्री गरिए पछि समितिले त्यसरी बिक्री गरेका शेयरहरुको नामसारीको लिखत तयार गराउन कुनै | परिभाषामा शेयरधनी भन्ने शब्द नभएकोले पुनर्लेखन गरिएको । |

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | (घ) यस अघिका दफाहरु अन्तर्गत अधिकार प्रयोग गरी जफत गरिएको कुनै शेयर वा लियन लागु गर्न कुनै शेयर बिक्री गरिए पछि समितिले त्यसरी बिक्री गरेका शेयरहरुको नामसारीको लिखत तयार गराउन कुनै व्यक्तिलाई नियुक्त गर्न र सो शेयर खरिद गर्ने व्यक्तिको नाममा (सो शेयर) दर्ता गराउन सक्नेछ । त्यसरी शेयर खरिद गर्ने व्यक्तिलाई सो शेयर बिक्रीको कारवाही नियमित भए नभएको र शेयरको मोल वापतको रकमको उपयोग भए नभएको हेर्न दिन कर लाग्ने छैन । त्यस्तो शेयरको सम्बन्धमा निजको नाम दर्ता किताबमा चढाई सकेपछि कुनै व्यक्तिले सो शेयर बिक्रीको वैधतालाई लिएर प्रश्न उठाउन सक्ने छैन, सो बिक्रीबाट कसैलाई हानी नोक्सानी हुन गएमा हो हानी नोक्सानीको दाबी कम्पनी उपर मात्र लाग्न सक्नेछ । | व्यक्तिलाई नियुक्त गर्न र सो शेयर खरिद गर्ने व्यक्तिको नाममा (सो शेयर) दर्ता गराउन सक्नेछ । त्यसरी शेयर खरिद गर्ने व्यक्तिलाई सो शेयर बिक्रीको कारवाही नियमित भए नभएको र शेयरको मोल वापतको रकमको उपयोग भए नभएको हेर्न दिन कर लाग्ने छैन । त्यस्तो शेयरको सम्बन्धमा निजको नाम दर्ता किताबमा चढाई सकेपछि कुनै व्यक्तिले सो शेयर बिक्रीको वैधतालाई लिएर प्रश्न उठाउन सक्ने छैन, सो बिक्रीबाट कसैलाई हानी नोक्सानी हुन गएमा हानी नोक्सानीको दाबी कम्पनी उपर मात्र लाग्न सक्नेछ । | |
| १३ | १३.११ | **शेयर पूँजीको अदल बदल:**<br>(क) कम्पनीले साधारण सभामा विशेष प्रस्ताव पारित गरी कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृत लिई उक्त प्रस्तावमा तोकिएको मूल्यको शेयरहरुमा विभाजित हुने गरी अधिकृत शेयर पूँजी बढाउन सक्ने छ र सो बमोजिम प्रबन्ध पत्र र नियमावलीमा हेरफेर गरिनेछ ।<br>(ख) कम्पनीले साधारण सभामा सामान्य प्रस्ताव पारित गरी अधिकृत पूँजीको हद सम्म जारी पूँजी बढाउन सक्नेछ र सो बमोजिम प्रबन्ध पत्र र नियमावलीमा हेरफेर गरिनेछ ।<br>(ग) पूँजी वृद्धि बमोजिम जारी भएको शेयर किन्ने पहिला हक पहिला लिई राखेको शेयरको अनुपात बमोजिम साविक शेयरधनीहरुलाई हुनेछ । तर तोकिएको म्यादभित्र साविक शेयरधनीहरुले शेयर नकिनेमा संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्तिलाई सो शेयर बिक्री गर्न सकिने छ ।<br>(घ) कम्पनीले साधारण सभामा विशेष प्रस्ताव पारित गरी आफ्नो शेयर पूँजीलाई कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृत लिई घटाउन सक्ने छ र सो बमोजिम प्रबन्धपत्र र नियमावली हेरफेर गरिने छ ।<br>(ङ) उपरोक्त उपनियम (घ) बमोजिम स्वीकृति प्राप्त भए पछि कम्पनीले देहाय बमोजिम शेयर पूँजी घटाउन सक्ने छ ।<br>१) किस्ता माग गरेको शेयरको किस्ता रकम चुक्ता नभएमा पहिले चुक्ता भएको रकमको मात्र पूंजी कायम गरेर ।<br>२) पहिले चुक्ता भै सकेको पूँजी फिर्ता गरेर ।<br>३) कम्पनीलाई नोक्सानी वा दैवी परेमा प्रत्येक शेयरको मोल घटाएर ।<br>कम्पनीले आफ्नो शेयर पूँजी घटाए पछि प्रत्येक शेयर प्रमाण पत्रमा तोकिएका | **शेयर पूँजीको अदल बदल:**<br>(क) कम्पनीले साधारण सभामा विशेष प्रस्ताव पारित गरी कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृत लिई उक्त प्रस्तावमा तोकिएको मूल्यको शेयरहरुमा विभाजित हुने गरी अधिकृत शेयर पूँजी बढाउन सक्ने छ र सो बमोजिम प्रबन्ध पत्र र नियमावलीमा हेरफेर गरिनेछ ।<br>(ख) कम्पनीले साधारण सभामा सामान्य प्रस्ताव पारित गरी अधिकृत पूँजीको हद सम्म जारी पूँजी बढाउन सक्नेछ र सो बमोजिम प्रबन्ध पत्र र नियमावलीमा हेरफेर गरिनेछ ।<br>(ग) पूँजी वृद्धि बमोजिम जारी भएको शेयर किन्ने पहिला हक पहिला लिई राखेको शेयरको अनुपात बमोजिम साविक शेयरधनीहरुलाई हुनेछ । तर तोकिएको म्यादभित्र साविक शेयरधनीहरुले शेयर नकिनेमा संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्तिलाई सो शेयर बिक्री गर्न सकिने छ ।<br>(घ) कम्पनीले साधारण सभामा विशेष प्रस्ताव पारित गरी आफ्नो अधिकृत पूँजीलाई कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृत लिई घटाउन सक्ने छ र सो बमोजिम प्रबन्धपत्र र नियमावली हेरफेर गरिने छ भने कम्पनीको जारी पूँजी घटाउनको निम्ति प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ ।<br>(ङ) उपरोक्त उपनियम (घ) बमोजिम स्वीकृति प्राप्त भए पछि कम्पनीले देहाय बमोजिम शेयर पूँजी घटाउन सक्ने छ ।<br>१) किस्ता माग गरेको शेयरको किस्ता रकम चुक्ता नभएमा पहिले चुक्ता भएको रकमको मात्र पूँजी कायम गरेर ।<br>२) पहिले चुक्ता भै सकेको पूँजी फिर्ता गरेर ।<br>३) कम्पनीलाई नोक्सानी वा दैवी परेमा प्रत्येक शेयरको मोल घटाएर ।<br>कम्पनीले आफ्नो शेयर पूँजी घटाए पछि प्रत्येक शेयर प्रमाण पत्रमा तोकिएका संचालकले सो कुरा जनाई सहि छाप गरिदिने छ । | कम्पनी ऐन बमोजिम पुनर्लेखन गरिएको । |

नेपाल लाइफ इन्स्योरेन्स कं. प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | संचालकले सो कुरा जनाई सहि छाप गरिदिने छ । | | |
| १४ | १३.१२ | **ऋण लिने वा डिबेञ्चर उठाउने अधिकार:**<br>कम्पनी ऐनको अधिनमा रहि संचालक समितिले आफ्नो तजविजले समय समयमा कम्पनीको प्रयोजनको निमित्त ऋण वा डिबेञ्चर लिन, उठाउन र त्यसबाट कुनै रकम वा रकमहरु भुक्तानी गराउन सक्नेछ । समितिले आफुले उचित देखेको तरिका तथा शर्तमा खास गरेर कम्पनीको सबै वा केहि अचल जायज्यथा धितो बन्धक राखि वा नराखि ऋण वा डिबेञ्चर उठाउन सक्नेछ । यसरी ऋण वा डिबेञ्चर उठाउने भएमा कम्पनीले त्यसको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयलाई दिनेछ र त्यस्तो धितोबन्धकी सम्बन्धि लिखित आवश्यकता अनुसार प्रचलित कानून बमोजिम रजिष्ट्रेशन गराइने छ । तर कम्पनीले काम शुरु गर्ने स्विकृती नपाएसम्म ऋण वा डिबेञ्चर उठाउने छैन । | **ऋण लिने वा डिबेञ्चर उठाउने अधिकार:**<br>कम्पनी ऐनको अधिनमा रहि संचालक समितिले आफ्नो तजबिजले समय समयमा कम्पनी प्रयोजनको निमित्त ऋण वा डिबेञ्चर लिन, उठाउन र त्यसबाट कुनै रकम वा रकमहरु भुक्तानी गराउन सक्नेछ । समितिले आफुले उचित देखेको तरिका तथा शर्तमा खास गरेर कम्पनीको सबै वा केहि अचल जायजेथा धितो बन्धक राखि वा नराखि ऋण वा डिबेञ्चर उठाउन सक्नेछ । यसरी ऋण वा डिबेञ्चर उठाउने भएमा कम्पनीले त्यसको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयलाई दिनेछ र त्यस्तो धितोबन्धकी सम्बन्धी लिखित आवश्यकता अनुसार प्रचलित कानून बमोजिम रजिष्ट्रेशन गराइने छ । तर कम्पनीले काम शुरु गर्ने स्विकृती नपाएसम्म ऋण वा डिबेञ्चर उठाउने छैन । | नयाँ ढाँचा बमोजिम केही व्यवस्था थपिएको । |
| १५ | १३.१४ | **साधारण सभाको कार्यबिधि:**<br>(क) नाफा नोक्सानको हिसाब, वासलात, संचालक समिति र लेखा परिक्षकको प्रतिवेदन लिने र त्यस माथि विचार गर्ने, संचालकहरु रोज्ने, लेखा परिक्षकहरु नियुक्ति गरि तिनीहरुको पारिश्रमिक तोक्ने, लाभांश घोषणा गर्ने जस्ता साधारण सभाद्वारा गर्नुपर्ने अरु कार्यहरु सम्पादन गर्ने काम वार्षिक साधारण सभाको हुनेछ ।<br>(ख) साधारण सभामा उपस्थित भै मतदान गर्न पाउने कम्पनीको कुल शेयर संख्याको पचास प्रतिशतभन्दा बढि शेयरलाई प्रतिनिधित्व गर्ने शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिने छ । त्यस्तो सभामा तीन जना शेयरधनीहरु स्वयं वा प्रतिनिधिद्धारा उपस्थित हुन अनिवार्य हुनेछ ।<br>(ग) प्रत्येक साधारण सभामा समितिका अध्यक्षले सभापतित्व गर्ने छन । त्यस्तो कुनै अध्यक्ष नभएमा वा निज सभामा उपस्थिति हुन असमर्थ भएमा निजको अनुपस्थितीमा उपस्थित शेयरधनीहरुले बहुमतद्धारा आफुहरु मध्ये मत दिन पाउने एकजना शेयरधनीलाई सभापति छान्ने छन ।<br>(घ) कुनै साधारण सभामा कामकार्यहरु गर्दा आवश्यक गणपुरक संख्यामा शेयरधनीहरु उपस्थित नभै कुनै कार्य सम्पादन गरिने छन ।<br>(ङ) कुनै साधारण सभामा शेयरधनीहरु उपस्थित नभएकोले गणपुरक संख्या नपुगी सभा हुन नसकेकोमा कम्तीमा सात दिनको | **साधारण सभाको कार्यबिधि:**<br>(१) साधारण सभामा समितिका अध्यक्षले अध्यक्षता गर्ने छन् ।<br>(२) संचालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकहरुले आफूमध्येबाट छानिएको संचालकले सभाको अध्यक्षता गर्नेछ ।<br>(३) सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधता बारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभा अध्यक्षको अनुमतिले विधिवत् सञ्चालन हुनेछ । कुनै साधारण सभामा शेयरधनीहरु उपस्थित नभएकोले गणपुरक संख्या नपुगी सभा हुन नसकेकोमा कम्तीमा सात दिनको सूचना दिई अर्को पटक सभा बोलाउन सकिने छ । सो सभामा कुल शेयर संख्याको पच्चिस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरि सात जना शेयरधनीहरु स्वयं वा प्रतिनिधिद्धारा उपस्थित भएमा सभाको काम कारवाही हुनेछ ।<br>(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन । सभाको विषय (एजेण्डा) कुनै नियामक निकायलाई पेश गर्नु पर्ने भए कम्पनीले प्रचलित कानून बमोजिम सो जानकारी पेश गर्नेछ ।<br>(५) साधारण सभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गरिने छ र प्रत्येक विषयमा सभाको बहुमतलाई सभाको निर्णय मानिने छ । विशेष प्रस्ताव उपर छलफल गर्न साधारण सभा बोलाईएमा सो सभामा उपस्थित भै मतदान गर्न पाउने शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुबाट स्वीकृत भएमा सो पारित भएको मानिनेछ । | पुनर्लेखन: नयाँ ढाँचा बमोजिम पुनर्लेखन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | सूचना दिई अर्को पटक सभा बोलाउन सकिने छ । सो सभामा कुल शेयर संख्याको तेत्तिस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरि सात जना शेयरधनीहरु स्वमं वा प्रतिनिधिद्वारा उपस्थित भएमा सभाको काम कारवाही हुनेछ ।<br>(च) साधारण सभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गरिने छ र प्रत्येक विषयमा सभाको बहुमतलाई सभाको निर्णय मानिने छ । विशेष प्रस्ताव उपर छलफल गर्न साधारण सभा बोलाईमा सो सभामा उपस्थित भै मतदान गर्न पाउने शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुबाट स्वीकृत भएमा सो पारित भएको मानिनेछ । | (६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।<br>(७) कूल शेयर पूँजीको सत्सठ्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।<br>(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।<br>(९) साधारण सभामा अध्यक्षले तोके बमोजिम शेयरधनीले आवश्यकता अनुसार पालैपालोसँग बोल्ने गरी छलफलमा भाग लिने छन् ।<br>(१०) साधारण सभामा पेश नभएका प्रस्ताव उपर कुनै निर्णय गर्न पाइने छैन ।<br>तर साधारण सभामा उपस्थित कुल शेयरधनीहरु बीच सहमति भई कुनै विषयमा सर्वसम्मत निर्णय भएमा कुनै नयाँ प्रस्ताव प्रस्तुत गर्न सकिनेछ ।<br>(११) साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु कम्पनी ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।<br>(१३) साधारण सभा सम्बन्धी विशेष निर्देशिका बनाएर लागू गर्न सकिने छ ।<br>(१४) नाफा नोक्सानको हिसाब, बासलात, संचालक समिति र लेखा परिक्षकको प्रतिवेदन लिने र त्यस माथि विचार गर्ने, संचालकहरु रोज्ने, लेखा परिक्षकहरु नियुक्ति गरि तिनीहरुको पारिश्रमिक तोक्ने, लाभांश पारित गर्ने जस्ता साधारण सभाद्वारा गर्नुपर्ने तथा ऐनले तोकिए बमोजिमका कार्यहरु सम्पादन गर्ने काम वार्षिक साधारण सभाको हुनेछ ।<br>(१५) कम्पनीको प्रत्येक संचालक साधारण सभामा स्वयं उपस्थित हुनु पर्नेछ । तर कम्पनीको कुनै संचालक काबु बाहिरको परिस्थिति परी कम्पनीको साधारण सभामा स्वयं उपस्थित हुन नसकेमा भिडियो कन्फरेन्स वा त्यस्तै प्रकारको अन्य प्रविधि मार्फत साधारण सभामा उपस्थित हुन र आफ्नो मत प्रयोग गर्न सक्नेछ । | कम्पनी ऐनको दफा ६८ बमोजिम पुनर्लेखन गरिएको । |
| १६ | १३.१५ | मतदान गर्ने अधिकारः<br>(क) सभामा निर्णयको निमित्त राखिएको प्रत्येक प्रस्ताव शेयरधनीहरुले प्रथमतः हात उठाई निर्णय गरिनेछ । शेयरधनीहरुमा राय बाझिन गएमा वा मत बराबर हुन गएमा वा हात उठाई वा पोलमा नै मत लिने माग गरे अनुसार मतदान गरिएको भए तापनि सो सभामा सभापतिले शेयरधनीको हैसियतमा आफुले दिन पाउने एक मत वा सो भन्दा बढि मतहरु र निर्णायक मत समेत दिन पाउने छन् ।<br>(ख) पोलमा हात उठाई मतदान गर्दा आफु उपस्थित भै वा प्रतिनिधिद्वारा मत दिन पाउने प्रत्येक शेयरधनीले कम्पनी ऐनको अधिनमा रहि आफुले लिएको प्रत्येक शेयरको एक मत दिन पाउने छ ।<br>(ग) कुनै शेयरमा साझेदारी शेयरधनीहरु भएमा त्यस्तो साझेदारहरुद्वारा मनोनित | मतदान गर्ने अधिकारः<br>(१) सभामा निर्णयको निमित्त राखिएको प्रत्येक प्रस्ताव उपर शेयरधनीहरुले प्रथमतः हात उठाई निर्णय गरिनेछ । शेयरधनीहरुमा राय बाझिन गएमा वा मत बराबर हुन गएमा वा हात उठाई वा पोलमा नै मत लिने माग गरे अनुसार मतदान गरिएको भए तापनि सो सभामा सभापतिले शेयरधनीको हैसियतमा आफुले दिन पाउने एक मत वा सो भन्दा बढि मतहरु र निर्णायक मत समेत दिन पाउने छन् ।<br>(२) पोलमा हात उठाई मतदान गर्दा आफु उपस्थित भै वा प्रतिनिधिद्वारा मत दिन पाउने प्रत्येक शेयरधनीले कम्पनी ऐनको अधिनमा रहि आफुले लिएको प्रत्येक शेयरको एक मत दिन पाउने छ ।<br>(३) कुनै शेयरमा साझेदारी शेयरधनीहरु भएमा त्यस्तो साझेदारहरुद्वारा मनोनित साझेदारले वा निजले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेमा शेयरधनीहरुको दर्ता किताबमा ती साझेदारहरु मध्ये जसको नाम क्रमानुसार | प्रचलित ढाँचा बमोजिम हुने गरी पुनर्लेखन गरिएको |

नेपाल लाइफ इन्स्योरेन्स प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | साझेदारले वा निजले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेमा शेयरधनीहरुको दर्ता किताबमा ती साझेदारहरु मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ निजले सो सभामा आफैं उपस्थित भै वा प्रतिनिधिद्वारा सो शेयर बापत मत दिन पाउने छ।<br>(घ) कुनै शेयरधनीले शेयर बापत कम्पनीलाई भुक्तानी दिनु पर्ने माग गरिएको किस्ताको रकम भुक्तान नगरेमा त्यस्तो शेयरधनीले साधारण सभामा मत दिन पाउने छैन।<br>(ङ) प्रतिनिधि नियुक्त गर्दा कम्पनी ऐन अनुसार तोकिए बमोजिमको ढांचामा निवेदन लेखि सहिछाप गरि कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधि मनोनित गर्न सक्नेछ। सो मनोनित प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउने छ।<br>(च) प्रतिनिधिको नियुक्तिपत्र सो पत्रमा उल्लेखित व्यक्तिले मत दिन चाहेको सभा वा त्यसको स्थगित भै अर्को पटक बोलाइएको सभा वा पोलमा मत लिने भएमा सो लिने समयको कम्तिमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा दाखिला हुनु पर्छ। | अघि लेखिएको छ निजले सो सभामा आफैं उपस्थित भै वा प्रतिनिधिद्वारा सो शेयर बापत मत दिन पाउने छ।<br>(५) कुनै शेयरधनीले शेयर बापत कम्पनीलाई भुक्तानी दिनु पर्ने माग गरिएको किस्ताको रकम भुक्तान नगरेमा त्यस्तो शेयरधनीले साधारण सभामा मत दिन पाउने छैन।<br>(६) प्रतिनिधि नियुक्त गर्दा कम्पनी ऐन अनुसार तोकिए बमोजिमको ढाँचामा निवेदन लेखि सहिछाप गरि कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधि मनोनित गर्न सक्नेछ। सो मनोनित प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउने छ।<br>(७) प्रतिनिधिको नियुक्तिपत्र सो पत्रमा उल्लेखित व्यक्तिले मत दिन चाहेको सभा वा त्यसको स्थगित भै अर्को पटक बोलाइएको सभा वा पोलमा मत लिने भएमा सो लिने समयको कम्तिमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा दाखिला हुनु पर्छ।<br>(८) संचालक निर्वाचन गर्दा प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर संख्याले नियुक्त गर्नु पर्ने संचालकको संख्यालाई गणना गर्दा हुने संख्या बराबरको मतको हिसाबले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरधनीले आफ्नो सबै मत एउटै उम्मेद्वारलाई वा एकभन्दा बढी उम्मेद्वारलाई निजले तोके बमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ।<br>(९) संचालक निर्वाचन गर्दा संचालक नियुक्त गर्न पाउने संगठित संस्थाले आफूले दिएको शेयरको अनुपातमा संचालक नियुक्त गर्न सक्नेछ र त्यस्तो अवस्थामा निर्वाचन मतदान गर्न पाउने छैन।<br>तर शेयर सङ्ख्या र संचालकको कुल संख्याको अनुपातमा एकजना पनि संचालक नियुक्त गर्न नसक्ने वा यस उपदफाको अधिकार प्रयोग गरी संचालक नियुक्त नगर्ने संगठित संस्थाले शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालकको निर्वाचनमा अन्य शेयरधनी सरह भाग लिन, मतदान गर्न वा त्यस्तो संस्थाले लिएका शेयरको अनुपातमा निर्वाचित हुन सक्ने संचालकको संख्यासम्मको उम्मेदवारी दिन सक्नेछ। | |
| १७ | १३.१६ | **संचालक समिति सम्बन्धि व्यवस्था:**<br>(क) प्रथम वार्षिक साधारण सभा नभएसम्म निम्न व्यक्तिहरु प्रथम संचालकमा नियुक्ति भएका छन्।<br>१) त्रिलोक चन्द्र अग्रवाल<br>२) दिवाकर गोल्छा<br>३) पवन कुमार गोल्याण<br>४) अशोक कुमार अग्रवाल<br>५) गंगा बहादुर खत्री क्षेत्री<br>६) शुशिल कुमार पन्त<br>७) रामचन्द्र संघई<br>(ख) प्रत्येक संचालकलाई निजले समितिको प्रत्येक बैठकमा भाग लिई गरेको सेवा बापत प्रत्येक बैठक भत्ता बापत साधारण | **संचालक समिति सम्बन्धि व्यवस्था:**<br>(क) प्रथम वार्षिक साधारण सभा नभएसम्म निम्न व्यक्तिहरु प्रथम संचालकमा नियुक्ति भएका छन्।<br>१) त्रिलोक चन्द्र अग्रवाल<br>२) दिवाकर गोल्छा<br>३) पवन कुमार गोल्याण<br>४) अशोक कुमार अग्रवाल<br>५) गंगा बहादुर खत्री क्षेत्री<br>६) शुशिल कुमार पन्त<br>७) रामचन्द्र संघई<br>(ख) प्रत्येक संचालकलाई निजले समितिको प्रत्येक बैठकमा भाग लिई गरेको सेवा बापत प्रत्येक बैठक भत्ता बापत साधारण सभाद्वारा तोकिएको रकम कम्पनीको कोषबाट दिईने छ। | संशोधन आवश्यक भएकोले। |

लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

<table>
<tr>
<td></td>
<td></td>
<td>सभाद्वारा तोकिएको रकम कम्पनीको कोषबाट दिईने छ ।<br>(ग) नियमित रुपले समितिको बैठक हुने इलाकाको बाहिर तत्काल बसोबास गर्ने कुनै संचालकले समितिको बैठकमा भाग लिन वा कम्पनीको कामको सम्बन्धमा सो इलाकामा आउदा र त्यहांबाट फर्कदा निजले तत्सम्बन्धि कामको निमित्त व्यहोर्न परेको भ्रमण तथा दैनिक भत्ता एवमं अन्य खर्च समितिले दिन, दिलाउन सक्नेछ ।<br>ग(१) कम्पनीको कामको सिलसिलामा स्वदेश वा बिदेश भ्रमण गर्दा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।
<table>
<tr><th>क.सं.</th><th>देश</th><th>होटेल खर्च</th><th>दैनिक भत्ता तथा खर्च</th></tr>
<tr><td>१</td><td>नेपाल र भारत बाहेक अन्य देशहरु</td><td>बिल बमोजिम</td><td>अमेरिकी डलर २५०</td></tr>
<tr><td>२</td><td>भारत</td><td>बिल बमोजिम</td><td>भा.रु. १०,०००/-</td></tr>
<tr><td>३</td><td>नेपाल</td><td>बिल बमोजिम</td><td>ने.रु. १०,०००/-</td></tr>
</table>
साथै भ्रमण गर्दा लाग्ने हवाई टिकट, पासपोर्ट, भिसा खर्च, सम्पर्क र परिवहन खर्च बास्तविक खर्च अनुसार सोधभर्ना गरिनेछ ।<br>(घ) अध्यक्ष वा संचालकको पारिश्रमिक तथा बैठक भत्ता साधारण सभाले तोके अनुसार पाउनेछन् । त्यस्तै, कम्पनीको अतिरिक्त सेवामा संचालकलाई बोलाईएमा कम्पनीको साधारण सभाले निर्णय गरे अनुसार निजलाई प्रति महिनामा निश्चित तलबको रुपमा वा अन्य कुनै प्रकारको पारिश्रमिक तथा सुविधा दिन सक्नेछ ।<br>(ङ) संचालकको पद बिचमा रिक्त भएमा सो रिक्त संचालक पदको पुर्ति बाँकी कार्यकाल सम्मको लागि मात्र समितिले गर्नेछ ।<br>(च) संचालकहरुको नियुक्ति तथा अवकास गर्ने तरिका कम्पनी ऐनमा गरेको व्यवस्था बमोजिमको हुनेछ ।<br>(छ) कार्यकाल समाप्त भै संचालक पदबाट अवकाश लिने व्यक्ति संचालक पदमा पुनः नियुक्त हुन सक्नेछ।</td>
<td>(ग) नियमित रुपले समितिको बैठक हुने इलाकाको बाहिर तत्काल बसोबास गर्ने कुनै संचालकले समितिको बैठकमा भाग लिन वा कम्पनीको कामको सम्बन्धमा सो इलाकामा आउदा र त्यहाँबाट फर्कदा निजले तत्सम्बन्धि कामको निमित्त व्यहोर्न परेको भ्रमण तथा दैनिक भत्ता एवं अन्य खर्च समितिले दिन, दिलाउन सक्नेछ ।<br>ग(१) कम्पनीको कामको सिलसिलामा स्वदेश वा विदेश भ्रमण गर्दा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।
<table>
<tr><th>क.सं.</th><th>देश</th><th>होटेल खर्च</th><th>दैनिक भत्ता तथा खर्च</th></tr>
<tr><td>१</td><td>नेपाल र भारत बाहेक अन्य देशहरु</td><td>बिल बमोजिम</td><td>अमेरिकी डलर २५०</td></tr>
<tr><td>२</td><td>भारत</td><td>बिल बमोजिम</td><td>भा.रु. १०,०००/-</td></tr>
<tr><td>३</td><td>नेपाल</td><td>बिल बमोजिम</td><td>ने.रु. १०,०००/-</td></tr>
</table>
साथै भ्रमण गर्दा लाग्ने हवाई टिकट, पासपोर्ट, भिसा खर्च, सम्पर्क र परिवहन खर्च बास्तविक खर्च अनुसार सोधभर्ना गरिनेछ ।<br>(घ) अध्यक्ष वा संचालकको पारिश्रमिक तथा बैठक भत्ता साधारण सभाले तोके बमोजिम यस नियमावलीमा समावेश गरे बमोजिम हुनेछ । त्यस्तै, कम्पनीको अतिरिक्त सेवामा संचालकलाई बोलाईएमा कम्पनीको साधारण सभाले निर्णय गरे अनुसार निजलाई प्रति महिनामा निश्चित तलबको रुपमा वा अन्य कुनै प्रकारको पारिश्रमिक तथा सुविधा दिन सक्नेछ ।<br>(ङ) संचालकको पद बिचमा रिक्त भएमा सो रिक्त संचालक पदको पूर्ति बाँकी कार्यकाल सम्मको लागि मात्र समितिले गर्नेछ ।<br>(च) संचालकहरुको नियुक्ति तथा अवकास गर्ने तरिका कम्पनी ऐनमा गरेको व्यवस्था बमोजिमको हुनेछ ।<br>(छ) कार्यकाल समाप्त भै संचालक पदबाट अवकाश लिने व्यक्ति संचालक पदमा पुनः नियुक्त हुन सक्नेछ । तर स्वतन्त्र संचालक एक कार्यकालको लागि मात्र नियुक्त हुन सक्नेछ ।</td>
<td></td>
</tr>
<tr>
<td>१८</td>
<td>१३.१७</td>
<td><u>संचालक समितिको कार्यविधि:</u><br>(क) आवश्यकता अनुसार कम्पनीको कामहरु सम्पादन गर्नको लागि समितिको बैंठक बस्न सक्नेछ । त्यस्तो बैठक स्थगित गर्न र सो बैठकहरुलाई उचित देखिए अनुसार</td>
<td><u>संचालक समितिको कार्यविधि:</u><br>(क) आवश्यकता अनुसार कम्पनीको कामहरु सम्पादन गर्नको लागि समितिको बैठक बस्न सक्नेछ । त्यस्तो बैठक स्थगित गर्न र सो बैठकहरुलाई उचित देखिए अनुसार व्यवस्थित गर्न सक्नेछ ।</td>
<td>प्रचलित ढाँचा बमोजिम केही व्यवस्था थप गरिएको ।</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थित गर्न सक्नेछ । (ख) बैठकमा उपस्थित भै मतदान गर्न अधिकार प्राप्त संचालकहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत संख्यालाई समितिको बैठकको गणपुरक संख्या मानिनेछ ।<br>(ग) एक वर्षमा कम्तिमा ६ पटक संचालक समितिको बैठक बोलाइनेछ । तर संचालक समितिको अध्यक्षले आवश्यकता अनुसार जुनसुकै बखत पनि समितिको बैठक बोलाउन सक्नेछ ।<br>(घ) समितिको बैंठकमा संचालकहरुको स्वयं उपस्थित अनिवार्य छ ।<br>(ङ) समितिको बैंठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन् । निज समितिको बैठकमा उपस्थित नभएमा उपस्थित संचालकहरुले आफुहरु मध्येबाट एक जनालाई अध्यक्ष छान्ने छन् ।<br>(च) समितिको निर्णय विवरण (माइन्युटहरु) मा बैठकमा उपस्थित सम्पूर्ण संचालकहरुको कम्तीमा साठी प्रतिशतको सहिछाप गरि गराउनु पर्नेछ ।<br>(छ) संचालक समितिले उपयुक्त ठानेमा आफ्नो अधिकार क्षेत्र मध्येको कुनै काम कारवाहि उप समितिले गर्न पाउने गरि तोक्न सक्नेछ । सो उप समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो काम संचालक समितिको निर्णय सरह हुनेछ । | (ख) बैठकमा उपस्थित भै मतदान गर्न अधिकार प्राप्त संचालकहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत संख्यालाई समितिको बैठकको गणपुरक संख्या मानिनेछ ।<br>(ग) एक वर्षमा कम्तिमा ६ पटक संचालक समितिको बैठक बोलाइनेछ । तर दुईवटा बैठकको बीचको फरक दुई महिनाभन्दा बढी हुने छैन । संचालक समितिको अध्यक्षले आवश्यकता अनुसार जुनसुकै बखत पनि समितिको बैठक बोलाउन सक्नेछ ।<br>(घ) समितिको बैठकमा संचालकहरुको स्वयं उपस्थित अनिवार्य छ ।<br>(ङ) संचालक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा ज्येष्ठ संचालकले बैठकको अध्यक्षता गर्नेछ ।<br>(च) समितिको निर्णय विवरण (माइन्युटहरु) मा बैठकमा उपस्थित सम्पूर्ण संचालकहरुको कम्तीमा साठी प्रतिशतको सहिछाप गराउनु पर्नेछ ।<br>(छ) संचालक समितिले उपयुक्त ठानेमा आफ्नो अधिकार क्षेत्र मध्येको कुनै काम कारबाही उप समितिले गर्न पाउने गरि तोक्न सक्नेछ । सो उप समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो काम संचालक समितिको निर्णय सरह हुनेछ ।<br>(ज) संचालक समितिको बैठक आवश्यकता अनुसार अध्यक्ष वा अध्यक्षले तोकिएको पदाधिकारीले बोलाउनेछ । त्यसैगरी कम्तीमा एक चौथाई संचालकले लिखित अनुरोध गरेमा संचालक समितिको अध्यक्षले जुनसुकै बखत बैठक बोलाउनु पर्नेछ । त्यसरी बैठकहरु नबोलाएमा कूल संचालक संख्याको कम्तीमा पच्चीस प्रतिशत संचालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र संचालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत संचालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी संचालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य संचालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ ।<br>(झ) संचालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण ( माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण संचालकहरुले दस्तखत गर्नु पर्नेछ । तर बैठकमा उपस्थित कुनै संचालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।<br>(ञ) विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ । | बीमा ऐनको दफा ५२ बमोजिम राखिएको । |
| १९ | १३.१९ | **कम्पनीको छाप:**<br>समितिले कम्पनीको छाप सुरक्षित साथ राख्ने व्यवस्था गर्नेछ । कम्पनीको छाप रहने प्रत्येक लिखितरुपमा समितिद्वारा अधिकृत कम्तिमा | **कम्पनीको छाप:**<br>कम्पनीको एउटा छुट्टै छाप हुनेछ । समितिले कम्पनीको छाप सुरक्षित साथ राख्ने व्यवस्था गर्नेछ । | भाषामा पुनर्लेखन गरिएको |

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | एक जना संचालक वा आधिकारीक व्यक्तिको दस्तखत रहनेछ । | | |
| २० | १३.२० | माईन्युटहरु: सबै साधारण सभा र समितिका बैठकहरुमा भएको काम कारवाई निर्णय विवरण (माईन्युटबुक) का किताबहरुमा छुट्टै रितपूर्वक लेखाई प्रमाणित गराई राख्नु पर्छ । | माईन्युटहरु: सबै साधारण सभा र समिति तथा उपसमितिका बैठकहरुमा भएको काम कारवाही निर्णय विवरण ( माईन्युटबुक) का किताबहरुमा छुट्टै रितपूर्वक लेखाई प्रमाणित गराई राख्नु पर्छ । | उपसमिति थप गरिएको |
| २१ | १३.२२ | हिसाब किताब र लेखा: (क) समितिले कम्पनीको कारोवारको वास्तविक र दुरुस्त स्थिति देखिने गरि रितपूर्वक हिसाब किताब र लेखा नेपालीमा राख्न लगाउनु पर्छ । कम्पनीले आफ्नो सुबिधाको लागि नेपालीको साथै अंग्रेजी पनि लेखा राख्न सक्नेछ । तर सो बमोजिम दुईबाट लेखा राखिएकोमा नेपालीमा राखिएको लेखा नै प्रमाणित मानिनेछ ।<br>(ख) कम्पनीको हिसाब किताब तथा लेखा कम्पनीको रजिष्टर्ड कार्यालयमा राखिने छ र अफिसको समयमा संचालकद्वारा निरिक्षणको लागि खुल्ला रहनेछ ।<br>(ग) शेयरधनीहरुले कम्पनीको हिसाब तथा लेखाहरु निरिक्षण गर्न खोजेमा कहां कहिले कति सम्म हिसाबहरु कुन नियम, शर्त, बन्देजहरुमा तिनिहरुलाई देखाउने हो समितिले बराबर निर्धारण गर्नेछ । साधारण सभाको प्रस्ताव र संचालक समितिको स्वीकृती वा ऐनले हेर्न पाउने विषय बाहेक कम्पनीको कुनै पनि लेखाहरु शेयरधनीलाई हेर्न तथा जाच्न दिइने छैन । कम्पनीको हितको निमित्त गोप्य राख्नु पर्ने कुनै कुरा रहेछ भने त्यस्ता कुराहरु शेयरधनीहरुलाई देखाउन कम्पनी बाध्य हुने छैन। | हिसाब किताब र लेखा: (१) कम्पनीको लेखा तथा हिसावकिताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।<br>(२) समितिले कम्पनीको कारोबारको वास्तविक र दुरुस्त स्थिति देखिने गरि रितपूर्वक हिसाब किताब र लेखा नेपालीमा राख्न लगाउनु पर्छ । कम्पनीले आफ्नो सुबिधाको लागि नेपालीको साथै अंग्रेजीमा पनि लेखा राख्न सक्नेछ । तर सो बमोजिम दुईबाट लेखा राखिएकोमा नेपालीमा राखिएको लेखा नै प्रमाणित मानिनेछ ।<br>(३) कम्पनीको हिसाब किताब तथा लेखा कम्पनीको रजिष्टर्ड कार्यालयमा राखिने छ र अफिसको समयमा संचालकद्वारा निरिक्षणको लागि खुल्ला रहनेछ ।<br>(४) शेयरधनीहरुले कम्पनीको हिसाब तथा लेखाहरु निरिक्षण गर्न खोजेमा कहाँ कहिले कति सम्म हिसाबहरु कुन नियम, शर्त, बन्देजहरुमा तिनिहरुलाई देखाउने हो समितिले निर्धारण गर्नेछ । साधारण सभाको प्रस्ताव र संचालक समितिको स्वीकृती वा ऐनले हेर्न पाउने विषय बाहेक कम्पनीको कुनै पनि लेखाहरु शेयरधनीलाई हेर्न तथा जाँच्न दिइने छैन । कम्पनीको हितको निमित्त गोप्य राख्नु पर्ने कुनै कुरा रहेछ भने त्यस्ता कुराहरु शेयरधनीहरुलाई देखाउन कम्पनी बाध्य हुने छैन ।<br>(५) कम्पनीले राख्नु पर्ने हिसाबकिताब प्रतिदिनको कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।<br>(६) ऐन बमोजिम यस कम्पनीले आफ्नो हिसाब किताब लेखापरीक्षण गराउनेछ ।<br>(७) कम्पनीको साधारण सभाले ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालयमा पठाउनेछ ।<br>तर प्रथम साधारण सभा हुनु भन्दा अघि संचालक समितिले लेखापरीक्षक नियुक्त गर्नेछ ।<br>(८) उपनियम (७) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण गरेको हिसाबकिताब र लेखाबाट कम्पनीको वासलात, नाफा नोक्सानीको हिसाब एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ । | नयाँ ढाँचा बमोजिम केही थप गरिएको । |
| २२ | १३.२३ | लेखापरिक्षक: | लेखापरिक्षक: | पुनर्लेखन गरिएको । |

प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | (क) सालको एक पटक कम्पनीको हिसाब किताब मुकरर भएको लेखापरिक्षक वा लेखापरिक्षकले जांची वासलात तथा नाफा नोक्सानको हिसाब ठिक भए नभएको ठहराउने छन्। <br> (ख) पहिलो लेखा परीक्षक वा लेखा परीक्षकहरु कम्पनीको वार्षिक साधारण सभा हुन अघि संचालक समितिले मुकरर गर्ने छ र निजहरुको मेहनताना तोकी दिने छ । त्यस पछिका लेखापरीक्षहरु कम्पनीको वार्षिक साधारण सभाले नियुक्त गर्ने छ र निजहरुको मेहनताना तोक्ने छ । <br> (ग) बीचमा लेखापरीक्षकको पद रिक्त भएमा सो स्थानको पूर्ती कम्पनी ऐनको अधिनमा रही गरिनेछ । | (क) लेखापरिक्षकले प्रत्येक आर्थिक वर्षको कम्पनीको हिसाब किताबको लेखा परिक्षण गर्नेछ । <br> (ख) संचालक समितिले पहिलो वार्षिक साधारण सभा हुनु भन्दा अघिको लेखा परिक्षणको लागि सेवा शुल्क तोकी प्रथम लेखा परिक्षक नियुक्ति गर्नेछ । त्यस पछिका लेखापरीक्षकहरुको नियक्ति र निजहरुको सेवाशुल्क वार्षिक साधारण सभाबाट निर्णय भए बमोजिम हुनेछ । <br> (ग) बीचमा लेखापरीक्षकको पद रिक्त भएमा सो स्थानको पूर्ती कम्पनी ऐनको अधिनमा रही गरिनेछ । | |
| २३ | १३.२४ | सूचना: <br> (क) कम्पनीले कुनै शेयरधनीलाई पठाउने सूचना मानिस वा हुलाद्धारा कम्पनीको रजिष्टर्ड किताबमा भएको निजको ठेगानामा पठाइने छ । कुनै शेयरधनीको रजिष्टर्ड ठेगानी नभएमा सो प्रयोजनको निमित्त निजले कम्पनीलाई कुनै ठेगाना दिई राखेको भए सोहि ठेगानामा सूचना पठाइने छ। <br> (ख) साझेदार शेयरधनीलाई पठाउनु पर्ने सूचना निजहरु मध्ये जसको नाम कम्पनीको रजिष्टर्ड किताबमा सबभन्दा अगाडि लेखिएको छ, उसैको नाममा पठाइने छ । <br> (ग) रीतपूर्वक नाम, ठेगाना लेखी चाहिदो टिकट टांसी सूचना हुलाकद्धारा रजिष्टर्ड गरी पठाए पछि सो सूचना बुझाइएको मानिनेछ । | सूचना: <br> (क) कम्पनीले कुनै शेयरधनीलाई पठाउने सूचना कम्पनीको शेयर रजिष्टर किताबमा भएको निजको ठेगानामा मानिस वा हुलाक वा कुनै विद्युतीय माध्यमद्वारा पठाइने छ । कुनै शेयरधनीको ठेगाना नभएमा सो प्रयोजनको निमित्त निजले कम्पनीलाई कुनै ठेगाना दिई राखेको भए सोहि ठेगानामा सूचना पठाइने छ । <br> (ख) साझेदार शेयरधनीलाई पठाउनु पर्ने सूचना निजहरु मध्ये जसको नाम कम्पनीको शेयर रजिष्टर किताबमा सबभन्दा अगाडि लेखिएको छ, उसैको नाममा पठाइने छ । <br> (ग) रीतपूर्वक नाम, ठेगाना लेखी नियमानुसार टिकट टांसी सूचना हुलाकद्धारा रजिष्टर्ड गरी पठाए पछि सो सूचना बुझाइएको मानिनेछ । | संशोधन भएको |
| २४ | १३.२५ | खारेजी: <br> कम्पनी खारेजी भएमा कम्पनीको हर हिसाब सबै जाची ठहरिन आएको कम्पनीको जायजेथाबाट कम्पनी ऐन अनुसारको क्रमले कम्पनी खारेज गर्दा लागेको खर्च र ऋण दायित्वहरु सबै तिरी शेयरधनीहरुलाई वितरणको लागि उपलब्ध भएका रकम शेयरधनीहरुको शेयर बापत भुक्तान भएको रकमको दामासाहीले बाँडिनेछ । | खारेजी: <br> (१) प्रचलित कानूनको अधीनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेजी प्रक्रियामा जान सक्नेछ । <br> (२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ । <br> (३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही गर्नेछन् । <br> (४) कम्पनी खारेजी भएमा कम्पनीको हर हिसाब सबै जाँची ठहरिन आएको कम्पनीको जायजेथाबाट कम्पनी ऐन अनुसारको क्रमले कम्पनी खारेज गर्दा लागेको खर्च र ऋण दायित्वहरु सबै तिरी शेयरधनीहरुलाई वितरणको लागि उपलब्ध भएका रकम शेयरधनीहरुको शेयर बापत भुक्तान भएको रकमको अनुपातमा दामासाहीले बाँडिनेछ । | पुनर्लेखन गरिएको <br><br> अनुपात शब्द थपिएको |

नेपाल लाइफ इन्स्योरेन्स कं. प्रधान कार्यालय

| | | | | |
|---|---|---|---|---|
| २५ | १३.२८ | **कम्पनी सचिवको नियुक्तिः**<br>संचालक समिति र साधारण सभाद्वारा गरिएको निर्णयहरु तथा अन्य निर्देशित कुराहरु कार्यान्वयन गर्न कम्पनी ऐनको अधिनमा रही कम्पनी सचिव नियुक्ति गरिनेछ । प्रचलित नेपाल कानून बमोजिम कम्पनीले कार्यालय वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण कागजात, निर्णय आदि तथा समयमा पेश गर्नु तथा निर्धारित कार्यहरु सम्पादन गर्नु निजको कर्तव्य हुनेछ । | **कम्पनी सचिवको नियुक्तिः**<br>(१) संचालक समिति र साधारण सभाद्वारा गरिएको निर्णयहरु तथा अन्य निर्देशित कुराहरु कार्यान्वयन गर्न कम्पनी ऐनको अधिनमा रही कम्पनी सचिव नियुक्ति गरिनेछ ।<br>(२) प्रचलित कम्पनी कानूनले तोकेको योग्यता पुगेको नेपाली नागरिकलाई संचालक समितिले कम्पनी सचिवको पदमा नियुक्त गर्नेछ ।<br>(३) कम्पनी सचिवको व्यवस्था, निजको सेवा शर्त र निजको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।<br>(४) प्रचलित नेपाल कानून बमोजिम कम्पनीले कार्यालय वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण कागजात, निर्णय आदि तथा समयमा पेश गर्नु तथा निर्धारित कार्यहरु सम्पादन गर्नु निजको कर्तव्य हुनेछ । | नयाँ ढाँचा बमोजिम |